जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १५८ • २०८१ साल कार्त्तिक १४ गते बुधबार (30 October, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### मधेश प्रदेशको स्थानीय सेवा ऐन सुधारको खाँचो

# त्रुटि संशोधनका लागि नेपाल नपा संघको कार्यदल गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल नगरपालिका संघले मधेश प्रदेशको स्थानीय सेवा ऐनमा त्रुटि रहेको बताउँदै ऐन संशोधनका लागि ६ सदस्यीय कार्यदल गठन गरेको छ ।

जिल्ला समन्वय समिति धनुषाको सभाहलमा मंगलबार नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिका संयोजक तथा हंसपुर नगरपालिकाका नगरप्रमुख प्रदीपकुमार यादवको अध्यक्षतामा बसेको प्रदेश समितिको बैठकले ऐनमा रहेको त्रुटि संशोधनका लागि कार्यदल गठन गरेको छ ।

मधेश प्रदेश सरकारको स्थानीय सेवा ऐनले स्थानीय सरकारको अधिकार कुण्ठित गर्न खोजेको प्रदेश समिति बैठकले निस्कर्ष निकालेको छ । स्थानीय तहका कर्मचारीको सरुवा स्थानीय सरकारको सहमति बिनै प्रदेश सरकारले गर्ने व्यवस्था प्रति नेपाल नगरपालिका संघले असहमति जनाएको छ ।



स्थानीय सरकारले करार तथा ज्यालादारीका कर्मचारी राख्न नसक्ने, दण्ड र सजायको अधिकार स्थानीय सरकारलाई नभएर प्रदेश सरकारको हुने र स्थानीयतहका कर्मचारीको सरुवा स्थानीय सरकारको सहमति बिनै प्रदेश सरकारले गर्ने लगायतका विषय त्रुटिपूर्ण रहेको नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिका संयोजक यादवले बताएका छन् ।

उनले नेपालमा तीन तहको सरकार रहेको उल्लेख गर्दै सबै सरकारको जिम्मेवारी नेपालको संविधानमा स्पष्ट उल्लेख भए अनुसार नै हुनपर्नेमा जोड दिएका छन् । 'संविधानमा नै प्रष्ट व्यवस्था हुँदाहुँदै स्थानीय सरकारको जिम्मेवारी र अधिकार प्रदेश सरकारले कुण्ठित गरिनु संविधान विपरीत हो' उनले भने, स्थानीय सेवा ऐनमा देखिएको त्रुटिहरुलाई अझ स्पष्ट रूपले यकिन गर्नका लागि ६ सदस्यीय कार्यदल गठन गरिएको छ ।

बैठकले महोत्तरी जिल्लाको मनराशिस्वा नगरपालिकाका नगरप्रमुख मोहन पाण्डेयलाई कार्यदलको संयोजक चयन गरेको छ । मधेश प्रदेश स्थानीय सेवा ऐन संशोधनका लागि पाण्डेयको संयोजकत्वमा बनेको कार्यदलमा धनगढीमाई नगरपालिकाकी नगर उपप्रमुख संगीता कुमारी चौधरी, जनकनन्दनी गाउँपालिकाकी उपाध्यक्ष कमला सहगललाई सदस्यमा राखिएको छ । सो कार्यदलका सदस्य सचिवमा अकबर अंसारी सहित ६ जना रहेका छन् ।

मधेश प्रदेश अन्तर्गतका गाउँपालिका तथा नगरपालिकाको अधिकार सुरक्षित राख्नका निम्ति उत्कृष्ट सुझाव दिन कार्यदलको मुख्य एजेण्डा रहने संयोजक पाण्डेयले बताएका छन् । स्थानीय सरकारलाई नेपालको संविधानले दिएको अधिकारको संरक्षणका निम्ति कार्यदलले विज्ञ तथा कानुन विद्सँग नेपालको संविधानमा स्थानीय सरकारलाई दिइएको अधिकारहरु यकिन गर्न र गाउँपालिका तथा नगरपालिकाका जनप्रतिनिधिहरुबाट प्राप्त सुझावहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्ने प्रारम्भिक काम हुने उनले बताए ।

कार्यदलले बनाएको प्रतिवेदन गाउँपालिका महासंघ र नगरपालिका संघले संयुक्त रुपमा मधेश प्रदेश सरकारका मुख्यमन्त्रीलाई बुझाउने छ । कार्यदलको प्रतिवेदनलाई प्रदेश सरकारले बेवास्ता गरे गाउँपालिका महासंघ तथा नगरपालिका संघले कडा विरोध प्रदर्शन समेत गर्ने कार्यदलका संयोजक पाण्डेयले चेतावनी दिएका छन् ।

मधेश प्रदेश सभा मामिला समितिका सभापति रत्नेश्वर गोइत यादवले ऐन पारित भएपछि देखिएका त्रुटिहरु संशोधन गर्न नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिसित सुझाव मागेको बताएका छन् । 'नगरपालिका संघको तर्फबाट आउने सुझाव मुख्यमन्त्री कार्यालय मार्फत प्रदेश सभामा आउनु पर्छ' उनले भने, ऐनमा भएको त्रुटि सच्चयाउन प्रदेश सभामा कठिनाइ हुने छैन ।

## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



# भूमि लोक महोत्सव सफलतापूर्वक सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । भूमि फाउण्डेशनका अध्यक्ष रंजन झाले भूमि लोक महोत्सवको दोश्रो संस्करण सफल भएको भन्दै धन्यवाद दिएका छन् ।

भूमि फाउण्डेशनले एनसेल फाउन्डेसनको प्रमुख सहकार्यमा जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजना गरिएको भूमि लोक उत्सवको दोश्रो संस्करण गत शनिबार भव्यताका साथ सम्पन्न भएको छ ।

मधेश प्रदेशबाट झण्डै लोप हुन लागेका लोक सङ्गीत तथा बाजाहरुको प्रस्तुतिदेखि भारतका विख्यात गायिका डा. रञ्जना झाको समूहको शास्त्रीय मैथिली लोक संगीत समेत समेटिएको यस विविधताले भरिपूर्ण कार्यक्रमले सबैखाले दर्शकहरुको मन जित्न सफल भएको थियो । भूमि महोत्सवको यस वर्षको संस्करणको मुख्य प्रायोजक एनसेल फाउन्डेसन रहेको थियो । व्यावसायिक सामाजिक जिम्मेवारी




पहलअन्तर्गत स्थानीय कला र सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन गर्न एनसेलले यो हातेमालो गरेको थियो ।

राष्ट्रियस्तरमा ख्याती कमाएका कलाकारहरू सुशान्त घिमिरे र राग, झुमा लिम्बु, फ्याटकाउली, आशिष एण्ड अभिषेक, रूपेश झा आदिले सांगीतिक प्रस्तुति गरेको यस कार्यक्रममा काठमाण्डुका नृत्य परम्पराको झल्कोसहित सुदन मुनिकारले भैरव काली नाच तथा सुबिमा श्रेष्ठको समूहले कत्थक नाच पनि प्रस्तुत गरेका थिए ।

दशैंका बेला मिथिला-मधेश क्षेत्रमा गाइने झिझिया नृत्यमा स्थानीय हिमाली स्कुलका विद्यार्थीहरूले निकै नै मनमोहक प्रस्तुति गरेका थिए । हालै राष्ट्रिय टेलिभिजनको एउटा प्रतिष्ठित कार्यक्रममा आफ्नो विशेष प्रयोगात्मक प्रस्तुतिले ख्याती कमाएका स्थानीय युवा -यापर सन्तोष झाका मैथिली -यापले युवा पुस्तामाझ थप उर्जा तथा उत्साह बढाएको थियो ।

मधेशको समृद्ध साङ्गीतिक एवं सांस्कृतिक विरासतलाई संरक्षण र पुनरुत्थान गर्ने उद्देश्यसहित सुरुवात गरिएको यस लोक महोत्सवले जनकपुरका नागरिकका लागि एक मौलिक सांस्कृतिक अनुभव सिर्जना गर्न मद्दत पुर्याएको कार्यक्रम संयोजक सुमित मिश्रले बताए । सर्वाधिक कार्यक्रमहरुमा विभिन्न देशका पर्यटकहरुको उपस्थिति प्रायजसो न्यून नै रहेको थियो । सो भूमि लोक उत्सवमा यूरोप, अमेरिका, चीन लगायतका झन्डै १० देखि १२ देशका पर्यटकहरुको उत्साहजनक उपस्थिति रहेको आयोजकको भनाइ छ ।

# सुरक्षा समन्वय समितिको बैठक सम्पन्न



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानीमा नेपाल-भारत सिमानाको जिल्ला समन्वय समितिको बैठक सम्पन्न भएको छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको अध्यक्षतामा बसेको बैठकमा भारतको सीतामढी र नेपालको महोत्तरी, सर्लाही र रौतहटको सुरक्षा अधिकारीको उपस्थिति रहेको थियो । जिल्लाको सीमानाकामा रहेको मटिहानी होटेलमा सुरु भएको बैठकमा नेपालका तर्फबाट प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल तथा भारतको बिहार राज्यको सीतामढी जिल्लाको डिआइजी श्रीबाबु रामको नेतृत्वमा सहभागी भएका थिए ।

सो बैठकमा सीतामढी जिल्लाको डिएम रिची पाण्डेय, सुपरिन्टेन्डेन्ट अफ पुलिस मनोजकुमार तिवारीसहित नेपालबाट सर्लाही, रौतहटका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको उपस्थिति रहेको थियो ।

तिहार र छठपर्वको अवसर पारेर शुभकामनासहित नाकाको सुरक्षासम्बन्धी नियमित बैठक रहेको जनाइएको छ । सो बैठकमा जानुपूर्व भारतीय सुरक्षा निकायका प्रमुखलाई मटिहानी नगरपालिकामा मेयर हरिप्रसाद मण्डलले स्वागतसहित सम्मान गरिएको थियो ।

सो अवसरमा उनीहरूलाई मटिहानीको प्रसिद्ध ऐतिहासिक एवं पौराणिक लक्ष्मीनारायण मठको अवलोकनसहित पूजापाठ गराइएको थियो भने लक्ष्मीसागरमा लक्ष्मीनारायण भगवान्को धार्मिक विधि रूपमा आरतीसमेत गरिएको थियो ।

# खेती गर्ने पक्राउ नपरिए पनि गाँजा नष्ट गरियो



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले लागूऔषध गाँजा नष्ट गरिए पनि खेती गर्ने भने अहिलेसम्म पक्राउ परेको छैन ।

कार्तिक ७ गते पटेर्वासुगौली गाउपालिका-२ स्थित थरकटीमा लगाइएको करीब १ विघा गाँजा खेती नष्ट गरेको थियो । जिल्ला प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौली समेतबाट खटिएको संयुक्त प्रहरी टोलीले अवैधरूपमा लगाइएको करिब सात हजार गाजाको बोट त्यस क्रममा फडानी तथा नष्ट गरिएको थियो ।

शनिबार इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीकै टोलीले पर्सागढी नगरपालिका-१ स्थित गुलरिया र ३ झबराहामा २ बिघामा लगाइएको गाँजा खेती नष्ट गरेको थियो । सो क्रममा १५ हजार गाँजाको बोट नष्ट गरिएको थियो ।

तर दुबै घटनामा एउटा पनि जग्गाधनीको पहिचान गरी उनीहरुलाई कारबाहीको दायरामा प्रहरीले अहिलेसम्म ल्याएको छैन ।

तुलनात्मक रुपमा जिल्लाका दुर्गम तथा वनजंगल नजिकका बस्तीहरुमा बर्षेनी सिजनल गाँजा खेती नष्ट गरिए पनि अहिलेसम्म कुनै पनि आरोपितलाई पहिचान गरी पक्राउ गर्न सकेको छैन ।

जिल्लाका सबै पालिकाहरुमा नेपाल र सशस्त्र प्रहरीको उपस्थिति रहेपनि गाँजा खेती गर्नेहरुको मनोबल बढि नै रहेको छ ।

डेढ दशकअघिसम्म पर्सा गाँजा र अफिम खेतीको उर्वर भूमि रुपमा रहँदै आएको छ । प्रहरी प्रशासनकै मिलेमतो र संरक्षणमा हुने गरेको लागु औषध खेतीको क्रमभंग तत्कालीन प्रहरी उपरीक्षक राजेन्द्रमान श्रेष्ठको कार्यकालयमा प्रहरी तथा प्रशासनको आपसी समन्वयबाट भएको थियो ।

गाँजा खेती केवल आर्थिक मात्र नभई अपराधको जडको रुपमा पनि विगतमा टाउको दुःखाइकै रुपमा लिने गरिएको छ । सामाजिक अभियन्ता प्रकाश थारु गाँजा खेती पुनः मौलाउँदै जानु चिन्ताको विषय भएको बताउछन् ।

विगतमा स्थानीय मात्र नभई भारतीय कारोबारीहरुले पनि यहाँ खेत भाडामा लिई गाँजा/अफिम खेती गर्दथे । भारतीय बजारलाई लक्षित गरी गरिने गाँजा खेतीले यसमा संलग्न किसान देखि कारोबारीहरु सम्म मनग्गे आम्दानी गर्थे । नेपालमा ३ देखि ४ हजार रुपैया प्रति किलो मूल्य पर्ने गाँजा भारतमा पुगेपछि प्रति किलो १३ देखि १५ हजार रुपैया भारुको हुन जान्छ । यसले गर्दा तेब्बरी आम्दानीको लोभमा यसको बिचौलिया कारोबारमा पनि थुप्रै व्यक्तिहरु संलग्न रहने गरेका छन् ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारती कतिपय गाँजा खेती वन तथा सार्वजनिक जग्गामा लगाइने भएकाले खेती गर्नेहरुको पहिचानमा समस्या हुने गरेको बताए ।

त्यस्ता घटनामा स्थानीयले पनि गाँजा खेती गर्ने जग्गा धनी वा त्यस्ता जग्गा धनीको सँधियार बारे समेत सूचना दिन र बोल्न नमान्ने भएकाले जग्गा धनीको यकिन गर्न समस्या हुने गरेपनि प्रहरीले आफ्नो प्रयास भने जारी राखेको उनले बताए ।

छिमेकी मकवानपुर जिल्लामा हुने गरेको गाँजा खेतीको ट्रान्जिट अझै पनि पर्सा जिल्ला रहेको छ ।

# बौद्धिक अपाङ्गता भएका बालबालिकाबीच प्रतियोगिता

**टुडे समाचारदाता**

राजविराज । बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको मनोबल उच्च राख्न र प्रोत्साहन गर्ने उदेश्यले यहाँ एक संस्थाले तिहार र छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रम फरक ढंगले मनाएका छन् ।

बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीले मंगलबार "शुभ दिपावली तथा छठ पर्वको शुभ अवसरमा शुभकामना आदान प्रदान" कार्यक्रम बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई सहभागी गराई रोजिएको उनले सुनाए ।

कार्यक्रम संयोजक ज्ञानेन्द्र कुमार झाका अनुसार प्रतियोगितामा बौद्धिक अपाङ्गता भएका १९ जना बालबालिका सहभागि भएकोमा भोला राम, (प्रथम), पुनम शर्मा, (दृतिय) तथा बैजु मण्डल (तृतिय) भएका छन । विजयी बालबालिकाहरुलाई पुरस्कार स्वरुप उनीहरुले प्रयोग गर्न सक्ने खालका शैक्षिक समाग्री प्रदान गरिएको कार्यक्रम संयोजक झाले बताए ।

सो अवसरमा आयोजक संस्थाका




उनीहरु बीच चित्रकला प्रतियोगिता गराएर मनाएका छन् ।

सो कार्यक्रममा बौद्धिक अपाङ्गता भएका बालबालिकाका साथै उनका अभिभावकको समेत उल्लेख्य उपस्थिती रहेको आयोजक संस्था बौद्धिक अपाङ्गता अभिभावक संघका निमित्त अध्यक्ष राजेश परियारले बताए ।

चित्रकलाका माध्यमबाट पनि उनीहरुमा हौसला र स्वरोजगार बनाउने उदेश्यले यस्तो कार्यक्रम उपाध्यक्ष महेश्वर ठाकुर, आरती मण्डल, विमला परियारका साथै अभिभावक बद्री नारायण साह, बिना श्रेष्ठ, सुजिता झा, अनिता देवी महतो लगायतले शुभकामना दिएका थिए ।

शिक्षकहरुबाट चित्र कोर्न पहिल्यै देखी नै सिक्दै आएका बौद्धिक अपाङ्गता भएका बालबालिका चित्रकला प्रतियोगितामा सहभागी भई आफनो प्रतिभा देखाउने अवसर पाएकोमा निकै खुशी देखिन्थे ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**टुडे समाचारदाता**

सिरहा । सिरहामा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

जिल्लाको सिरहा नगरपालिका-११ स्थित भलुवाहीमा मंगलबार दिउँसो भएको दुर्घटनामा मोटरसाइकलमा सवार एक जना घाइते भएका छन् ।

सो दुर्घटनामा परी मोटरसाइकल चालक कर्जन्हा नगरपालिका-५ का २० वर्षीय रुपेश महतोको मृत्यु भएको छ ।

त्यस्तै मोटरसाइकलमा पछाडि सवार रहेका विष्णुपुर गाउँपालिका-१ का ३२ वर्षीय प्रदीपकुमार पासवान घाइते भएको सिरहा प्रहरीले जनाएको छ ।



सिरहाबाट चोहर्वातर्फ जाँदै गरेको प्र ०१-०२-०१ प ०४३४ नम्बरको मोटरसाइकल अत्यधिक गतिका कारण अनियन्त्रित भई कल्भर्टमा ठोक्किएको सिरहा प्रहरीले जनाएको छ । त्यसपछि घाइते भएका दुवै जनालाई सिरहास्थित प्रादेशिक अस्पताल लगिएको थियो ।

अस्पतालले महतोलाई मृत घोषणा गरेको तथा दुवै खुट्टामा चोट लागेका पासवानलाई प्राथमिक उपचारपछि थप उपचारका लागि विराटनगरस्थित अस्पतालमा पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताए ।

# बालबालिकासम्बन्धी ऐन संशोधनको माग

काठमाण्डु । सरोकारवालाले 'बालबालिकासम्बन्धी ऐन, २०७५' संशोधनको माग गरेका छन् । राष्ट्रिय बाल अधिकार परिषद्ले 'बाल विवाह अन्त्य तथा समावेशी शिक्षा' विषयमा मंगलबार आयोजना गरेको कार्यक्रममा बाल अधिकारकर्मी तथा सरोकारवालाले बालबालिकासम्बन्धी संवैधानिक व्यवस्था, नियमावली, २०७८ र सम्बन्धित ऐन, कानुन संशोधनको माग गरेका हुन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले बालबालिकासम्बन्धी संवैधानिक अधिकार कार्यान्वयन गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने




बताउनुभयो । परिषद्का सदस्यसचिव इन्द्रादेवी ढकालले बाल विवाहविरुद्ध सचेतना बढ्दै गए तापनि कतिपय भौगोलिक क्षेत्र तथा समुदायमा त्यो अझै कायम रहेको बताउनुभयो । नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गानाले बालविवाह अन्त्यसम्बन्धी ऐन, कानुन, नियमावलीको प्रभावकारी कार्यान्वयन नभएको गुनासो गर्नुभयो ।

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले 'कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने' गरी बालबालिकाको हकको रुपमा स्थापित गरेको छ । मुलुकको कानुनले १८ वर्षभन्दा कम उमेर समूहकाले विवाह गरेमा त्यसलाई बालबालिका रूपमा परिभाषित गरेको छ ।रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




महोत्तरीको जलेश्वर नगरपालिका-१ स्थित हटियामा छठ पर्वको लागि बिक्रीमा राखिएका नाङ्ला। बाँसबाट बनेको नाङ्लो, डालोजस्ता सामग्रीहरूको छठको विशेष पूजा विधिमा महत्त्वपूर्ण मानिन्छ। *तस्बिरः रासस*

# दीपावली पर्वः उल्लासमय मिथिलाञ्चल क्षेत्र

महोत्तरी । दीपावली पर्वले मिथिलाञ्चललगायत मधेसका अधिकांश क्षेत्रको वातावरण उल्लसमय भएको छ । कात्तिक कृष्णपक्षको त्रयोदशी तिथिदेखि कात्तिक शुक्ल द्वितीयासम्म मनाइने उज्यालोको पर्व दीपावली र त्यसलगत्तै आउने छठ पर्वको तयारीले मधेसको महोत्तरीसहित मिथिलाञ्चल क्षेत्र अहिले पर्वमय बनेको हो । मिथिलामा आज दीपावलीको पहिलो दिन ' धनतेरस' मनाइँदै छ । धनतेरससँगै यस वर्ष तिहार (दीपावली) मंगलबार सुरु हुनेछ ।

दीपावलीका लागि अहिले मिथिला क्षेत्रका सबैजसो घर रङरोगन गरेर चम्काइएका छन् । सबैका घरमा आफ्नो दक्षताअनुसार रमाइलो पर्व दीपावलीको तयारी गरिएको स्थानीय बताउँछन् । धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने यस पर्वको पहिलो दिन 'धनतेरस' मनाउने मैथिल परम्परा छ ।

यस दिन धातुका नयाँ सामान जोडेर सन्ध्याकालमा लक्ष्मीको आराधना गरिन्छ । पाँच दिन मनाइने यो पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ । आजदेखि सुरु भएको यो पर्व आगामी आइतबार



भ्रातृद्वितीया अर्थात् मैथिल परम्पराको भैयादूज मनाइएर सम्पन्न गरिनेछ ।

यमपञ्चकका पाँच दिनमध्ये धनतेरस, लक्ष्मीपूजा, गोधन र भैयादुज मैथिल परम्परामा विशेष मानिन्छन् । पर्वको तेस्रो दिन कात्तिक औँसीको साँझ घरको चौदिशा दीपमालिका गर्दै लक्ष्मी स्थापना गरेर पूजाआराधना गरिन्छ । मिष्ठान्न परिकार खाने खुवाइने यो पर्वको चौथो दिन गाईगोरुलाई रङ्ग्याउने, सिङ र खुरमा तोरीको तेल लगाइदिने, नयाँ रङ्गिन दाम्ला फेर्ने र रुचिकर खानेकुरा दिने मैथिल चलन छ । यसैदिन गोवर्द्धन पूजा पनि गरिन्छ । यस दिनलाई गोवर्द्धन भन्ने गरिएको छ ।

पौराणिक कथानक पाताललोकका राजा बलिको सन्दर्भ जोडिने यो पर्वमा कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' पर्व मनाउने मैथिल परम्परा छ । राजा बलिलाई बहिनी गङ्गा र यमुनाले मङ्गल कामनाका साथ सप्तरङ्गी टीका र माला लगाइदिएका सम्झनामा यो पर्व परम्परा चलेको मैथिल जनविश्वास छ । पर्वको पहिलो दिन कागतिहार र दोस्रो दिन कुकुर पूजा गरिने परम्परा भने मिथिलामा देखिँदैन ।

मैथिल 'यमपञ्चक' पर्व विधिमा पनि कागपूजा र स्वानःपूजा (कुकुरपूजा) को वर्णन भने रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का महेशकुमार झाले बताउनुभयो । उहाँका अनुसार यो व्यवहारमा भने देखिँदैन ।

दीपावली पर्वसँगै अहिले घरको रङरोगन गर्ने सामग्री, पूजाअर्चनाका लागि प्रयोग गरिने बाँसको चोयाले बुनिने र माटाका भाँडाको व्यापार बढेको स्थानीय व्यापारी बताउँछन् । दीपमालिकाका लागि माटाका दियौरी प्रयोग गरिने मैथिल परम्पराले यस्तो सामग्री बनाउने कुम्हाल समुदाय अहिले व्यस्त देखिन्छन् ।

यमपञ्चक सकिनासाथ लगत्तै दुई दिनपछि सुरु हुने छठ र छठसँगै थालिने सामाचकेवा पर्वको रमझम र तयारी पनि मिथिला क्षेत्रमा बढेको झाले बताउनुभयो ।

यसले गर्दा जतातत्तै पर्वको रमझमले मिथिला क्षेत्र अहिले पर्वमय बनेको छ ।रासस

# चाडपर्वले चलायमान अर्थतन्त्र

जनकपुरधाम । जनकपुरधामका अर्थशास्त्र विषयमा लामो समयदेखि प्राध्यापन गर्दै आउनुभएका उज्ज्वल दाहाल वर्षभरि हुने घरायसी खर्चको एकतिहाइ दसैँमा खर्च हुने गरेको बताउनुहुन्छ । उद्योगी-व्यवसायीले दसैँ, तिहार र छठ पर्वसँगै वस्तु र सेवाको व्यापारका लागि नयाँनयाँ छुटका कार्यक्रमहरुसहित ग्राहकलाई लोभ्याउने गर्दा पनि खर्च गर्ने क्रम अन्य समयको तुलनामा बढी नै हुने गरेको उहाँको भनाइ छ ।

साउने सङ्क्रान्तिपछि विस्तारै चाडपर्व सुरु हुन थालेसँगै बजार चलायमान हुने गर्छ । मधेश प्रदेशको राजधानी जनकपुधामलगायत देशका मुख्य सहरका पार्टी प्यालेसले पनि यस अवधिमा राम्रै आम्दानी गर्ने गर्छन् । यतिबेला किराना सामानदेखि लत्ताकपडा, गरगहना, सवारीसाधन, माछामासु, मदिरा, हल्का पेयपदार्थ, मोबाइल, टेलिभिजन, कपडा धुने मेसिन, फ्रिजलगायत विद्युतीय उपकरणका पसलहरुमा किनमेल गर्नेहरुको भीड अत्यधिक देखिएको छ । वस्तुका अतिरिक्त सेवा क्षेत्रमा सार्वजनिक सवारीसाधन, होटल रेस्टुरेन्ट, एयरलाइन्सको व्यापारमा पनि बढोत्तरी देखिएको छ ।

दसैँ, दीपावली र छठ पर्वको व्यापारले वर्षभरिको व्यापारको चक्रलाई ठूलो भरणपोषण गर्ने जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी बताउनुहुन्छ । फर्निचर, इलेक्ट्रोनिक्स, ग्याजेटलगायतका खरिदकर्तालाई दसैँ, तिहारको बेला दिने छुट नै पर्खेर बस्ने बानी लागिसकेको उहाँको भनाइ छ । अहिले इन्टरनेट सेवाप्रदायक, ट्राभल एजेन्सी, सञ्चार सेवाप्रदायक तथा होटल रेस्टुरेन्टले दसैँदेखि छठसम्म छुट र उपहारका विविधि योजना ल्याएर ग्राहकलाई आकर्षित गर्न



खोजिरहेको हुँदा हरेक बजार मात्र होइन, सपिङ कम्प्लेक्सदेखि अनलाइन सपिङमा किनमेलको चाप बढ्दो छ ।

अर्थविद्हरुका अनुसार दसैँ, तिहारअघिका दुई-तीन हप्ताको अवधिमा वर्षभरिको कुल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ । दसैँ तिहारलाई लक्षित गरी नयाँ सवारीसाधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको अर्थशास्त्रका प्राध्यापक प्रभात घिमिरे बताउनुहुन्छ । "कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता विकसित भएको देखिन्छ", उहाँ भन्नुहुन्छ ।

रोजगारी वा अध्ययनका लागि नेपालबाहिर रहेका व्यक्तिहरु पनि दसैँ, तिहार र छठ पर्व मनाउन आ-आफ्नो गाउँघर आउने गर्दछन् । सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ । सरकारले दसैँको अवसर पारेर आफ्ना कर्मचारीलाई एक महिनाको तलब दिने गर्दछ भने अन्य सङ्घसंस्था, बैङ्क तथा वित्तीय संस्था र व्यापारिक प्रतिष्ठानहरुले पनि कर्मचारी, कामदारलाई केही खर्च दिने हुँदा बजारमा पैसा लेनदेन हुने भएकाले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ ।

दसैँ, तिहार र छठ पर्वसम्म बजारमा करिब रु पाँच अर्बको कारोबार हुने डा लाभ बताउनुहुन्छ । मुलुकमा निजामती, शिक्षक, सेना, प्रहरीलगायत करिब पाँच लाख सरकारी कर्मचारी छन् । प्रतिकर्मचारीको मासिक तलब सरदर ३५ हजारका दरले हिसाब गर्दा एकमुष्ट रु १७ अर्ब ५० करोड हुन्छ । एक महिनाको तलब बराबर दसैँ खर्च पाइन्छ । त्यसैगरी, करिब सवा नौ लाख उद्योग, प्रतिष्ठान, कलकारखाना, साना तथा मझौला व्यवसायमा कार्यरत ३२ लाख कर्मचारी छन् । ती कर्मचारीले सरदर मासिक तलब रु १५ हजारका दरले हिसाब गर्दा एकमुष्ट रु ४८ अर्ब हुन्छ । उनीहरूले तलबका अतिरिक्त दसैँ भत्ता मात्रै करिब रु ६६ अर्ब पाउँछन् ।

यसबाहेक व्यापार-व्यवसाय, खेतीपाती गर्नेले पनि दसैँमा राम्रै खर्च गर्छन् । वैदेशिक रोजगारीमा गएकाले दसैँ, तिहार र छठ पर्व मनाउन घरमा पैसा पठाउने गर्छन् । विदेश बस्ने नेपालीले यही समयमा बढी विप्रेषण पठाउने गरेका छन् । अन्य महिनाको तुलनामा दसैँमा करिब २५ देखि ३० प्रतिशत बढी रकम विप्रेषण आउने गरेको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाउँछ ।

राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार गत साउन र भदौमा विप्रेषणमार्फत रु दुई खर्ब ६३ अर्ब १४ करोड मुलुक भित्रिएको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष विप्रेषण आप्रवाह १५.२ प्रतिशतले बढेको हो । औसतमा दसैँताका मात्र करिब रु १०-१५ अर्ब विप्रेषण नेपाल भित्रिन्छ । यसमा भारतमा काम गर्न गएका नेपालीले दसैँमा घर फर्किंदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौँको संख्यामा नेपाली कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।

दसैँले बजारमा चहलपहल बढाएको नेपाल चेम्बर अफ कमर्स मधेश प्रदेशका अध्यक्ष पवन ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, "शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन चाडपर्वले टेवा पुगेको छ । दसैँमा आम्दानी र खर्च दुवै बढ्ने भएकाले अर्थतन्त्रलाई राम्रै गर्छ ।" यी चाडपर्वको समयमा धेरै मानिस सहरी क्षेत्रबाट आफ्नो जन्मस्थल ग्रामीण क्षेत्रमा पुग्ने हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पनि सघाएको छ । जनकपुरधामलगायत विभिन्न ठाउँमा सस्तो बजारका नाममा विशेष बजार दसैँदेखि छठ पर्वसम्म सञ्चालन हुने गर्दछ । यस्ता बजारमा स्थानीय तथा राष्ट्रिय उत्पादनहरू बढी मात्रामा रहेकाले देशकै आर्थिक गतिविधि बढ्ने गर्दछ ।रासस

# लहानबाट मलेसियन नागरिकसहित चार जना पक्राउ

गोलबजार । रोजगारीका लागि कतार पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा नेपाल प्रहरीले एक मलेसियन नागरिकसहित चार जनालाई पक्राउ गरेको छ ।

लहान नगरपालिका-४ स्थित एक होटलमा सरकारसँग अनुमति नलिई कतार पठाइदिन्छु भन्दै अन्तर्वार्ता लिइरहेका अवस्थामा मलेसियन नागरिक अन्दाजी ५१ वर्षीय मोहम्मद रिजुआन बिन अब्दुल्लाह, लहान-२३ का ४२ वर्षीय रामाशङ्कर यादव, २५ वर्षीय रामभरत यादव र ३९ वर्षीय सूर्यनारायण दाव सोमबार पक्राउ परेका हुन् ।पक्राउ परेका चारै जनालाई आवश्यक कारबाही सुरु भइसकेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

उनीहरुले केही व्यक्तिसँग रकमसमेत असुल गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ । ठगीसम्बन्धी मुद्दामा जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



**उनीहरुले केहीव्यक्तिसँग रकमसमेत असुल गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ ।**

### खसीको भनेर बाख्राको मासु बिक्री गर्नेलाई जरिवाना

लहान नगरपालिकाले बजार अनुगमनलाई तीव्र बनाएको छ । यसक्रममा सोमबार उपप्रमुख रामचलितर महतोको संयोजकत्वमा बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा खसीको भनेर बाख्राको मासु बेच्ने पसलेलाई रु पाँच हजार जरिवाना गरिइएको छ । यसैगरी ग्राहकको भीडभाड हुने लहान बर्गर हाउसले खानेतेल गुणस्तरहीन प्रयोग गरेको भनी रु ११ हजार जरिवान गरिएको उपप्रमुख महतोले जानकारी दिनुभयो ।

अनुगमन टोलीमा इलाका प्रशासन, घरेलु, प्रहरी, पत्रकारलगायतको सहभागिता थियो । उपभोक्ताबाट बजारमा ठगी भइरहेको भन्ने गुनासोपछि बजार अनुगमन गरेको र अनुगमनलाई निरन्तरता दिने उपप्रमुख महतोले बताउनुभयो । अनुगमनका क्रममा केही पसललाई सचेत गराइएको नगरपालिकाले जनाएको छ ।रासस

# वीरगञ्जलाई सरसफाइसम्बन्धी सम्झौता अघि बढाउने बाटो खुल्यो

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले सार्वजनिक निजी साझेदारीअन्तर्गत ३२ वटै वडाको सरसफाइको काम निजी क्षेत्रबाट गराउने सम्झौता कार्यान्वयनको बाटो खुलेको छ ।

महानगर र एनके इन्टरनेशनल कन्स्ट्रक्सन प्रालीबीच भएको सम्झौता कार्यान्वयन नगर्न/नगराउन भन्दै उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा गत असोज १५ गते रिट परेको थियो । सम्झौताविरुद्ध परेको रिटमा अस्थायी इजलासका न्यायाधीसद्वय निर्मला शाक्य र भरत लम्सालको संयुक्त इजलासले सोमबार अन्तरिम आदेश (स्टे अर्डर) जारी नहुने निर्णय गरेसँगै सरसफाइको सम्झौता अघि बढाउने बाटो खुलेको हो ।




सम्झौता कार्यान्वयन नगर्न माग गर्दै रामचन्द्रप्रसाद कानुसहितले गत असोज १५ गते उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा रिट दायर गरेका थिए । अदालतले गत असोज १६ गते सम्झौता अहिले कार्यान्वयन नगर्नु भन्दै अदालतका न्यायाधीशको एकल इजलासबाट अल्पकालीन अन्तरिम आदेश जारी भएको थियो ।

वीरगञ्ज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले अल्पकालीन अन्तरिम आदेश खारेज गर्दै न्यायाधीसद्वय शाक्य र लम्सालको संयुक्त इजलाशबाट अन्तरिम आदेश जारी भएसँगै महानगरलाई सरसफाइ व्यवस्थापनका लागि गरिएको सम्झौता कार्यान्वयनमा सहज वातावरण बनेको प्रतिक्रिया दिनुभयो । सोमबार भएको बहसमा महानगरका तर्फबाट अधिवक्ता वीरेन्द्रप्रसाद यादव, प्रमोदप्रसाद साह, कमलमोहन पोखरेल र ईश्वर बराल तथा एनके इन्टरनेशनलका तर्फबाट वरिष्ठ अधिवक्ता रामेश्वर सेढाईंले बहस गर्नुभएको थियो ।

निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता दिपकराज भण्डारी, नेपाल बार एशोसिएसनका उपाध्यक्ष सुधीर कर्ण र अधिवक्ता नेजामुद्दिन राउत गद्दीले बहस गर्नुभएको थियो । महानगरले एनके इन्टरनेशनल कन्स्ट्रक्सन प्रालीसँग सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत वीरगञ्जका ३२ वटै वडा सरसफाइका लागि सम्झौता गरेको थियो ।रासस

# छठ पर्वका लागि बाँसका भाँडाकुँडा बनाउन भ्याइनभ्याइ

जलेश्वर ।छठ पर्व नजिकिँदै गर्दा अहिले महोत्तरीका डोम समुदायलाई बाँसका भाँडाकुँडा बनाउन भ्याइनभ्याइ भएको छ । छठमा बाँसका डोको, डालोलगायत सामग्रीको माग बढी आउने भएकाले यहाँका डोम समुदाय व्यस्त छन् ।

गाँस, बास र कपासका लागि बाँसका भाँडाकुँडा बनाउने पेसा पुर्खादेखि हस्तान्तरण हुँदै आएकाले यसलाई निरन्तरता दिएको जलेश्वर नगरपालिका-२ का भोगिन्द्र डोमले बताउनुभयो ।

छठमा माग बढी हुने भएकाले कात्तिकभरिको कमाइबाट चाडपर्व मनाउने अवसर प्राप्त हुने उहाँको भनाइ छ ।

जिल्लाको जलेश्वर, मटिहानी, पिपरा, औरही, गौशाला, सम्सी, सोनमा, रामगोपालपुर, एकडारा, मनरालगायत स्थानमा बसोबास गर्ने डोम समुदाय छठ पर्वका लागि बाँस र बेतबाट डालो, नाङ्लो, टालु, टपरीलगायत भाँडाकुँडा बनाउन व्यस्त भएका हुन् । बाँसको



चोयाबाट डालो, नाङ्लो बुन्दै गरेकी मनरासिस्वा नगरपालिका-१ की ७० वर्षीया बेचनी डोमिनले भन्नुभयो, "कात्तिक लाग्नेबित्तिक्कै घरका सबैले बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालु टपरी बनाउने काम पाएका छौँ । छठमा यी सामग्री बेच्दा मनग्य आम्दानी हुने भएकाले यसलाई अवसरका रुपमा लिएका छौँ ।"

छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाट बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडाहरु किन्नुपर्दछ । छठको आगमनसँगै डोम समुदायका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने विश्वास रहेको पिपरा-१ का बिकाउ डोमले बताउनुभयो । सोही कारण दिनरात व्रतालुहरुका निम्ति बाँसका भाँडाकुँडा बनाउने गरेको उहाँका भनाइ छ ।

सम्सी गाउँपालिका-४ का मनोज डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिक भएको आम्दानीले वर्षभरिको खर्चको जोहो गर्ने बताउनुभयो ।


सोनमा गाउँपालिका-३ का विजय डोमले घरका बालकदेखि बुढासम्मले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति रु २० हजार देखि रु २५ हजार र प्रत्येक परिवारले रु एक लाखसम्म आम्दानी गर्ने गरेका जानकारी दिनुभयो ।

पछिल्लो समय छठ पर्व मनाउनेको संख्यामा वृद्धि हुँदै जाँदा बजार माग पनि बढी भएको उहाँको भनाइ छ ।रासस


## अत्यन्त जरूरी सूचना

का.जि.का.म.न.पा. वडा नं ३, बसुन्धरामा रजिष्टर कार्यालय रहेको श्रम इजाजत नं. ११४८/०७३/०७४ यस नाज ओभरसिस प्रा.लि.को हाल सम्म केन्द्रिय कार्यालय बाहेक कहिकतै शाखा कार्यालयहरु नरहेको सबैमा जानकारी गराउदछौं । २०२४ जुन ३० देखि मलेसियाको सम्पुण कामहरु बन्द रहेको सबैमा अबगतनै छ । नाज ओभरसिस प्रा.लि.को नाम लिएर कोही कसैले अनाधिकृत रुपमा अर्न्तवार्ता, स्वास्थय परिक्षण, रकम उठाउने कार्य गरे गराएमा गैर कानूनी हुने हुँदा उक्त गैर कानुनी कार्य गराएको पाइएमा कानुन बमोजिम कारवाही गरिने छ । कोही कसैले गैर कानुन काम गरेको, देखे, सूनेमा नाज ओभरसिस प्रा.लि.मा खबर गरि दिनु हुन अनुरोध गरिन्छ ।

**नाज ओभरसिस प्रा. लि.**
बसुन्धरा, काठमाण्डौं, फोन नं. : ९७०५३१५९६६
Gov. Lic. No. 1148/073/74



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# महिला हिंसामा अवैध सम्बन्ध

महिलाको हत्या बढेको छ । महिला हिंसाको अनेक कारण छ । त्यसमध्ये एउटा प्रमुख कारण अवैध सम्बन्ध पनि हो । वैदेशिक रोजगारीको कारण अवैध सम्बन्ध बढेको मात्र होइन । त्यस बाहेक पनि अवैध सम्बन्ध बढेको छ । अबैध सम्बन्धमा महिला मात्र दोषी भने हुँदैन । पुरुष प्रमुख दोषी रहेको देखिन्छ । अबैध सम्बन्धको कारण महिला र पुरुष दुवैको हत्या हुने गरेको छ । अवैध सम्बन्धमा ज्यान जाने उच्च जोखिम भए पनि त्यसको वृद्धि भने निरन्तर भइरहेको छ । मोबाइलले पनि अवैध सम्बन्धमा उल्लेख्य वृद्धि भएको छ । अपरिचित व्यक्तिहरुसित मोबाइलबाट हुने चिनजानले अबैध सम्बन्ध स्थापित हुने गरेको छ ।हत्याको घटनाको अनुसन्धानमा अवैध सम्बन्ध देखिने गरिन्छ । हुन त दाइजोलगायतका केही कारणहरु पनि महिला हत्या हुने गर्छ । पछिल्लो पटक महोत्तरी जिल्लाको पिपरा गाउँपालिका वडा नम्बर ७ स्थित दनौलीमा एकजना महिलाको हत्या गरेर अनुहार जलाइएको छ । महिलाको पहिचान लुकाउन मृतकको अन्य समानहरु समेत गायब गरिएको छ । घटनास्थलसम्म महिला र पुरुष सहमतिमै मोटरसाइकल चढेर गएको देखिन्छ । उनीहरुबीच शारीरिक सम्पर्क भएको चिकित्सकहरुको अनुमान छ । त्यसपछि महिलाको हत्या गरिएको छ । महिलाको हत्या गरिए पछि अनुहारमा सल राखेर आगो लगाइएको छ । महिला विवाहित रहेको प्रहरीको अनुसन्धानले देखाएको छ । प्रहरीले धेरै कोणबाट अनुसन्धान गरिरहेपनि अवैध सम्बन्धको कारण महिलाको हत्या भएको निष्कर्षमा पुगिसकेको छ । महिलाको पहिचान अझै खुलिसकेको छैन । यस प्रकारको घटना भने यो पहिलो पटक भएको होइन । यस प्रकारको घटना प्रायःहुने गरेको छ । यस्ता घटनाहरु सार्वजनिक भइरहे पनि महिला र पुरुषहरु सचेत रहेको देखिदैन । एउटा घटना हुँदा त्यसबाट पाठ सिक्नुपर्छ । तर महिलाहरु पनि सचेत भएको देखिदैन । पुरुष पनि सचेत हुँदैन । घटना भए पछि केही दिन चर्चा चले पनि त्यो फेरि सेलाउछ । त्यसको केही समय पछि अर्को घटना भएको सुनिन्छ । महिला माथिको हिंसा र महिलालाई अवैध सम्बन्धको कारण गरिने हत्या फरक प्रकृतिको हो । महिला माथि हुने अधिकांश हिंसामा पारिवारको संलग्नता रहेको पाइन्छ । तर महिलाको हत्यामा परिवारको भन्दा बाहिरका मानिसको बढी संलग्नता रहेको देखिन्छ । महिला हिंसालाई नियन्त्रण गर्न आवश्यक छ । महिला सचेतना झन आवश्यक छ । महिला स्वयं सचेत नभएसम्म हिंसा नियन्त्रण सहज छैन । महिला स्वयं सचेत हुनैपर्छ ।

# लगानी सप्ताह, ठगी र रोकथाम



अचुतकुमार ओझा

धितोपत्र बजारका नियमनकर्ताहरूको अन्तर्राष्ट्रिय सङ्गठनले सन् २०१७ देखि विश्व लगानीकर्ता सप्ताह आयोजना गर्दै आएको छ । भर्खरै संसारभर विश्व लगानीकर्ता सप्ताहको आठौँ संस्करण-२०२४ यसै साता सम्पन्न भएको छ । नेपाल धितोपत्र बोर्ड (सेबोन) को नेतृत्वमा नेपालमा पनि धितोपत्र बजारसँग सरोकार राख्ने नेपाल स्टक एक्सचेञ्ज (नेप्से), सिडिएस एन्ड क्लियरिङ (सिडिएससी), मर्चेन्ट बैङ्कर एसोसिएसन, स्टक ब्रोकर एसोसिएसन अफ नेपाल, धितोपत्र ब्रोकर्स एसोसिएसन अफ नेपाल, क्रेडिट रेटिङ संस्था, स्टक डिलर, निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको संलग्नतामा कात्तिक ६ देखि १२ गतेसम्म सातै प्रदेशमा सर्वसाधारण र लगानीकर्तालाई लगानी शिक्षा र सचेतना गराउँदै, विश्वविद्यालय स्तरका विद्यार्थीहरूमा निबन्ध प्रतिस्पर्धा, क्रेडिट रेटिङ जानकारी, मिडियामार्फत लगानीसम्बन्धी मुख्य सन्देश प्रवाह, लगानीसम्बन्धी शैक्षिक सामग्री वितरण, विद्यार्थीहरूलाई नेप्से, सिडिएससी, मर्चेन्ट बैङ्क र ब्रोकर कार्यालयको भ्रमणलगायतका गतिविधि गरेर सम्पन्न भएको छ ।

यस वर्षको लगानी सप्ताहले मुख्य गरेर लगानीका आधारभूत पक्षहरू, प्रविधि तथा डिजिटल फाइनान्स, दिगो वित्त र धोखाधडी तथा घोटालाको रोकथाम सम्बन्धमा लागानीकर्तामा साक्षरता सिर्जना गर्नु रहेको थियो । साथै, हरेक व्यक्तिलाई निजसँग भएको धन लगानी गरेर अझै समृद्धि प्राप्त गर्न प्रोत्साहन गर्नु, असुरक्षित ढङ्गबात लगानी गरियो भने लगानीकर्ता कसरी ठगिन पुग्छ ? कसरी आफ्नो सम्पत्ति गुमाउन बाध्य हुन्छ ? उसले गरेको लगानी कति सुरक्षित र जोखिममा रहेको छ ? लगानी गर्न बजारमा जाँदै गर्दा कस्ता स्क्याम र फ्रडहरू हुन सक्छ ? हरेक लगानीकर्ताले कमाउन सम्भव छ ? के लगानी सुरक्षित ढङ्गबाट गर्ने उपायहरू छन् ? यस्ता प्रश्नहरूको जवाफ लगानी सप्ताहका कार्यक्रमहरूले दिन सकेको छ भने ती गतिविधिहरूको औचित्य हुन्छ अन्यथा कर्मकाण्डी मात्रै हुने निश्चित छ । नेपालमा लगानीका सम्बन्धमा ठगी, छलकपट र धुर्ताईका घटनाहरू धेरै भएका छन् तर कारबाही र क्षतिपूर्ति भराउने काम भने अत्यन्तै कम हुने गरेको देखिन्छ ।

घटना नं. १ : कुनै समय निजी क्षेत्रबाट ऊर्जा क्षेत्रको विकासका लागि योगदान गरेर कहलिएका एक प्रतिष्ठत व्यक्ति जो रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको अध्यक्ष थिए । धनको लोभमा आफूलाई नियन्त्रण गर्न नसकी उनले कानुनको बर्खिलाप हुने गरेर आफु स्वयम् अध्यक्ष भएको कम्पनीको शेयर आफ्ना सन्तानको नामबाट बिक्री गरेर सोझा लगानीकर्ता फसाउने खेलमा लाग्दा धितोपत्र बजारको इतिहासमा पहिलोपटक नियामक निकायले अदालतमा उजुरी गरेर कारबाहीको कालो धब्बा बोक्न बाध्य भए । यो मुद्दा विशेष अदालतबाट फैसला भइसके पनि सर्वोच्च अदालतमा पुनरावेदनको प्रक्रियामा रहेको छ । यस्तै अर्का पात्र ज्ञानेन्द्रलाल प्रधानले पनि आफू नेपाल हाइड्रो डेभलपर्स कम्पनीको अध्यक्ष हुँदाहुँदै संस्थापक शेयर बेचेर धनी हुन खोज्दा कानुनको फन्दामा पुगे । यी प्रतिनिधि घटनाले के देखाउँछ भने कैयौं संस्थाहरू सेवा र वस्तु बेचेरभन्दा शेयर बिक्री गरेर नाफा कमाउन खोलिएको हो । त्यसैले संस्थापकहरू लकइन पिरियड खुल्नेबित्तिकै आफ्नो शेयर बिक्री गरेर भाग्ने गरेको देखिन्छ ।

घटना नं.२ : विशाल बजार कम्पनी (हालसम्म) (राष्ट्रिय बीमा संस्थान र नेपाल बैक लिमिटेड विगतमा) केही यस्ता कम्पनी छन्, जसका सञ्चालक विगत लामो समयदेखि कम्पनीबाट मोटो रकमको भत्ता, सुविधा र अन्य अवैधानिक लाभ लिइरहेका छन् तर कम्पनीमा शून्य सुशासन रहेको देखिन्छ । यसका कारण वर्षौदेखि लेखापरीक्षण र साधारणसभा हुन सकेको छैन । कम्पनीको आर्थिक र व्यावसायिक अवस्था कस्तो छ कसैलाई थाहा छैन तर दोस्रो बजारमा उक्त कम्पनीको शेयर हजारौं मूल्यमा कारोबार भइरहेको छ । यस्तो लगानीकर्ताप्रति गैरजिम्मेवार सञ्चालक र कमजोर अनुशासन रहेको कम्पनीको शेयरको कारोबार हुन दिंदा सिधासाधा लगानीकर्ता बिनाप्रतिफल आफ्नो धन जोखिममा हाल्न पुगेका छन् । यसबाट जोगिन सम्बन्धित लगानीकर्ता सजग हुन आवश्यक छ भने राज्यका निकायहरूले यस्ता कम्पनी र सञ्चालकलाई लगानीकर्ताप्रति जिम्मेवार बनाउन आवश्यक कानुनको व्यवस्था गर्नुपर्छ । विकृति र विसङ्गतिले बिग्रिएका लामो समयदेखि साधारणसभा, लेखापरीक्षण र कानुनी प्रक्रिया पूरा नगरी अटेरी गरेर बसेका कुनै पनि कम्पनीलाई दोस्रो बजारमा कारोबार हुनबाट रोक लगाउन सक्नुपर्छ । अनि मात्रै लगानीकर्ताको पैसा बालुवामा पानी हुनबाट जोगाउन सकिन्छ ।

घटना नं.३ : सर्वोत्तम सिमेन्ट लिमिटेडले उत्पादनमूलक कम्पनीहरूलाई धितोपत्र बजारमा आकर्षित गर्न भनेर ल्याइएको बुक विल्डिङ्ग विधिमार्फत आइपिओ जारी गर्नका लागि सर्वप्रथम आवेदन दिएको थियो । यस कम्पनीको शेयर सर्वसाधारणलाई बिक्री गर्नुपूर्व नै विवादमा पऱ्यो । उक्त समयका सेबोन अध्यक्षले ‘गोल्डेन शेयर’ आफ्नो छोरीको नाममा लिएको र त्यस कम्पनीलाई वास्तविक वित्तीय विवरणको आधारमा नभई झुटो वित्तीय अवस्था खडा गरी साधारण लगानीकर्ताबाट बढी मूल्य उठाउन पाउने गरी मूल्य तोक्न सहयोग गरेको सूचना बाहिरिएसँगै चौतर्फी विरोध भयो । यसलाई थेग्न नसकेर अन्ततः अध्यक्ष पदबाट राजीनामा दिनुपर्ने अवस्थामा पुगे । त्यस समयमा यदि यो गैरकानुनी कार्य सफल भइदिएको भए वास्तविकता भन्दा धेरै मूल्यमा लगानीकर्ताले शेयर खरिद गरेर आफ्नो सम्पत्ति गुमाउनु पर्ने अवस्था आउन सक्ने थियो ।

घटना नं.४ : कुनै समय गोल्डम्यान इन्भेष्टमेन्ट कम्पनीका सञ्चालकहरूले सर्वसाधारण नागरिकलाई प्रभावित पार्न कम्पनीको कार्यक्रममा समाजका प्रतिष्ठित लगानीकर्तालाई सहभागी गराएर ‘म पनि लगानी गर्न चाहन्छु’ भन्ने भाषण गर्ने वातावरण तयार गरी त्यसैलाई प्रचारको माध्यम बनाएर साधारण लगानीकर्तालाई लोभ्याउँदै संस्थापक शेयर भिडाउने काम गरेका थिए । संस्थापक शेयर प्रचारप्रसार गरेर बिक्री गर्न कानुनले दण्डित र बर्जित गर्दागर्दै पनि सामाजिक सञ्जालको प्रयोगमार्फत उक्त कम्पनीमा “१० लाख १० वर्षका लागि लगानी गरेर १० करोड पाउनुहोस्” भन्दै प्रचार गरेर शेयर बेच्न सफल भएका थिए । यसैमध्येका पीडित लगानीकर्ताले उजुरी गरेपछि छानबिन हुँदै गर्दा मुख्य संस्थापक लगानीकर्ताहरू आफ्नो शेयर अरुलाई गुपचुप बिक्री गरेर उन्मुक्त भई सकेका थिए तर खरिदकर्ताहरू हालसम्म पीडित नै छन् । त्यसलगतै कम्पनीको कारोबार तथा बैंक खाताहरू रोक्का गरिए तापनि जालसाजी ढङ्गले शेयर बिक्री गर्ने संस्थापकहरूलाई कुनै कारबाही हुन सकेको छैन ।

घटना नं.५ : सेबोनका निवर्तमान अध्यक्षको पालामा लगानीकर्ता र त्यसका सङ्गठनहरूले खबरदारी गर्दागर्दै बीमा प्राधिकरणका अध्यक्ष र उनको मिलिभगतमा कानुनी रूपमा बीमा ऐन, नियमावली र निर्देशिकाहरूमा बीमा कम्पनीहरूले आफ्नो चुक्ता पुँजीको ३० प्रतिशत शेयर अनिवार्यरूपमा सर्वसाधारणलाई निष्कासन गर्नुपर्ने भन्ने व्यवस्था भए पनि प्रिमियम मूल्य जोडेर निकाल्ने अनुमति दिंदा रिलायवल नेपाल लाइफ, सिटिजन लाइफ, आइएमई लाइफ र सन नेपाल लाइफ इन्स्योरेन्सलगायतका कम्पनीले थप प्रिमियम जोडेर सर्वसाधारणको अर्बौ रकम संस्थापकहरूले उठाएका छन् । यसै सिलसिलामा अख्तियारमा उजुरी हुँदाहुँदै रातारात यसरी नै प्रिमियममा हिमालय रि-इन्सुरेन्सको शेयर बिक्री गर्न अनुमति दिएर जनताको पैसा ब्रह्मलुट भएका परिस्थितिहरू ताजा नै छन् । यस घटनामा सबैभन्दा टिठलाग्दो त के देखिन्छ भने राज्य संयन्त्रलाई पैसाको बलमा आफ्नो हातमा लिने र भएको कानुनी व्यवस्था नै रातारात परिवर्तन गरी आफू अनुकूल संशोधन गर्न लगाएर नागरिकलाई महङ्गोमा शेयर किन्न बाध्य बनाउने खेलमा संस्थापक र व्यापारीलाई स्वयम् नियामकले नै साथ दिएको देखिन्छ ।

हिमालयन रि-इन्स्योरेन्सको आइपिओ आउनुभन्दा अगाडिसम्म तीन वर्ष सञ्चालन र नाफामा भएका कम्पनीहरूले मात्रै प्रिमियम मूल्यमा शेयर बिक्री गर्न सक्ने व्यवस्था थियो । उक्त कम्पनीका मालिकहरूको फाइदाको लागि प्रिमियममा शेयर जारी गर्न अयोग्य रहेको यस कम्पनीलाई योग्य बनाउन भैरहेको व्यवस्था नै परिवर्तन गरी तीन वर्षको ठाउँमा दुई वर्ष मुनाफा भएको कम्पनीले प्रिमियममा शेयर निष्काशन गर्नसक्ने गरी समय अवधि एक वर्ष कममा झारियो र आवेदन दिएको अत्यन्तै छोटो अवधिमा आइपिओ जारी गर्न अनुमति दिने काम भयो जुन परिघटनामा सुनियोजित षड्यन्त्र देखिन्छ । यस्ता एउटै नीतिगत निर्णयबाट लगानीकर्ताको अर्बौं रकम ड्वाम पार्ने गरेको पाइन्छ । हालसम्म पनि उक्त प्रिमियम बापतको पैसा फिर्ता हुने आशामा लगानीकर्ता छन् ।

घटना नं.६ : सन नेपाल लाइफले केही समय अगाडि प्रिमियममा आइपिओ जारी गरिसकेको छ । यसमध्ये उक्त कम्पनीमा कार्यरत कर्मचारीहरूलाई पाँच प्रतिशत शेयर छुट्याइएको थियो । तर केही सञ्चालक र कम्पनीका कार्यकारी प्रमुखको मिलीभगतमा कर्मचारीलाई भाग लगाइएको शेयरमध्ये कार्यकारी प्रमुखको नाममा ८० प्रतिशत छुट्याएर बाँकी २० प्रतिशत मात्रै कर्मचारीहरूलाई बाँडबाँट गरिएको थियो । हाल यो घटना बीमा प्राधिकरण र सेबोनसम्म पुगिसकेको छ । तत्काल यस समस्याको निराकरणका लागि कार्यकारी प्रमुखले राखेको उक्त शेयर कर्मचारीलाई पूर्ण वितरण गर्ने र दोषीलाई कारबाही गरिनुपर्ने माग भएको छ ।

> यस्ता ठगीहरु रोक्नको लागि सर्वप्रथम स्वयम् लगानीकर्ता जागरुक हुन जरुरी छ । आफूले लगानी गर्नका लागि लिइएका तथ्य र सूचना सही हो होइन परीक्षण गर्नुपर्छ । लगानी गर्दा कसैले भन्दिएकै भएरमा गर्ने गर्नु हुँदैन । यथार्थ जानकारी लिएर मात्रै गर्नुपर्छ । लगानीका लागि आवश्यक ज्ञान, सीप र योग्यता बढाउन आवश्यक कार्यहरु गर्नुपर्छ । छिटो र छोटो बाटोबाट धनी हुने स्किम भएका लगानीका अवसरहरु हेर्दा आकर्षक देखिएता पनि त्यो गलत हुनसक्छ । त्यस्ता काल्पनिक प्रतिफल दिने लगानीबाट सधैं होसियार हुन जरुरत छ । सामाजिक सञ्जालहरूमा आएका आकर्षक भनाई र प्रचारप्रसारमा लागेर हचुवाको भरमा लगानी गर्नु हुँदैन ।

घटना नं.७ : धितोपत्र कारोबारमा बिक्रीपछि केही ब्रोकर कम्पनीहरूमा लगानीकर्तालाई समयमा भुक्तानी नदिने र अल्झाइरहने समस्या देखिन्छ । केही समय अगाडि नेप्सेलाई जानकारी गराउँदा पनि कुनै न्याय नपाएको भन्दै एक लगानीकर्ताले सिप्ला सेक्युरेटिज लिमिटेड, स्टक ब्रोकर नं. २० का विरुद्ध तेस्रो पटक निवेदन दिएको फोटो सामाजिक सञ्जालमा राख्नुभएको थियो । यो घटनामा हालसम्म बाहिर आएको समचार हेर्दा ब्रोकरहरू सकेसम्म पैसा नदिने र दिनैपर्ने अवस्था आएमा खाली खाताका चेक दिएर झुलाउने गरेको देखिन्छ ।

घटना नं.८ : रिलायन्स स्पिनिङ मिल्स कम्पनीले केही समयअघि संस्थागत योग्य लगानीकर्ता र वैदेशिक रोजगारीमा गएकालाई बुकविल्डिङ विधिबाट आइपिओ निष्कासन गरेर बाँडफाँट गरिसकेको छ तर वैदेशिक रोजगारीमा जानेलाई भन्दा पहिला प्रभावित स्थानिय व्यक्ति र कर्मचारीलाई जारी गर्नु पर्नेमा त्यसो गरिएको देखिदैन । उक्त अवस्थामा आइपिओ खारेज गर्नको लागि लगानीकर्ताले विभिन्न निकायमा तिर्नुपर्ने विद्युत् महसुलवापतको अर्बौं रकम तिर्न बाँकी रहेको तर सो दायित्व नदेखाएको, महङ्गो मूल्य रु आठ सय २० दशमलव ८० पैसामा शेयर बिक्री गर्न नभएको नाफा देखाएर फर्जी वित्तीय विवरण पेश गरेकोले छानबिन गर्न माग गरेपछि पहिलोपटक सेबोनले छानबिनको नाटक गरेर लेखापरीक्षण कम्पनीको साथ लिएर चोखाउन खोजिएको थियो । तर लगानीकर्ताहरू सेबोनले आफ्ना कुरा नसुन्ने भेउ पाएपछि बाध्य भएर संसदको सार्वजनिक लेखा समितिमा उजुरी गर्न पुगेका थिए । लेखा समितिले यसैका आधारमा सेबोनलाई स्पष्टीकरण दिन निर्देशन गरेसँगै सेबोनले आइपिओ निष्कासन रद्द गर्न रिलायन्सलाई निर्देशन गरेको थियो । हाल यो मुद्दा अदालतमा विचाराधीन छ ।

यसरी नेपालको धितोपत्र बजारमा देखिएका यस्ता घटनाहरूमध्ये केही मुख्य प्रतिनिधि घटना माथि प्रस्तुत गरिएको हो । खासगरी केही अपराधीको संलग्नतामा बजार घटाउन चाहँदा बजार बढिरहेको समयमा टिएमएस बिगार्ने, क्रेडिट रेटिङ्ग गलत गरिदिने, सामाजिक सञ्जालको प्रयोगमार्फत भित्री तथा सर्कुलर कारोबार गर्ने, क्लब हाउसहरूमा तथाकथित विज्ञहरूले फलानो शेयर यति पुऱ्याउने, फलानोले किन्दैछ, फलानो समूहले उठाउन थाल्यो किन्दा हुन्छ, बजार यतिभन्दा माथि जाँदैन, तल जाँदैन, ‘लो-क्याप’ भएकाले छिटै मूल्य बढ्ने कुरा छ भन्ने हल्ला गरेर सोझा लगानीकर्तालाई किन्न लोभ्याउदै माथिल्लो बिन्दुमा पुगेपछि थोरै पुँजी भएका कमजोर कम्पनीका शेयरहरू भिडाएर बाठा लगानीकर्ता भाग्ने गरेका छन् ।

यस्तै संसद र समितिहरूमा समेत फलानो शेयरको मूल्य बढी भयो भनेर नामै लिएर बहस गर्ने गरिएको देखिन्छ, जुन गलत छ । यसले लगानीकर्ताको मनोभाव बिगारीदिन्छ । कयौं मिडिया हाउसहरूले कुनै खास समुह र लगानीकर्तालाई लाभ दिने ढङ्गबाट समाचारहरू बनाउने गरेको पाइन्छ । कुनै कम्पनीको मूल्य घटाउनु छ नकारात्मक समाचार बनाउने र बढाउनु छ भने सकारात्मक समचार लेख्ने गरेको पाइन्छ । नक्कली कमोडिटी बजार खडा गरेर रु छ अर्बभन्दा बढीको कारोबार भएकामा म्याक्स कम्पनीलाई कारबाही भइरहेको छ । यसले सहभागी भएका हजारौं लगानीकर्तालाई क्षति पुऱ्याएको छ । यसरी सूचना पासोलाई प्रयोग गरेर लगानीकर्ता माथि ठूलो चलखेल भइरहेको देखिन्छ । यस्ता घटनालाई समयमा रोक्नुपर्नेमा त्यसो हुन सकिरहेको छैन ।

### निराकरणको उपाय के हुन सक्छ ?

यस्ता ठगीहरू रोक्नको लागि सर्वप्रथम स्वयम् लगानीकर्ता जागरुक हुन जरुरी छ । आफूले लगानी गर्नका लागि लिइएका तथ्य र सूचना सही हो होइन परीक्षण गर्नुपर्छ । लगानी गर्दा कसैले भन्दिएकै भएरमा गर्ने गर्नु हुँदैन । यथार्थ जानकारी लिएर मात्रै गर्नुपर्छ । लगानीका लागि आवश्यक ज्ञान, सीप र योग्यता बढाउन आवश्यक कार्यहरू गर्नुपर्छ । छिटो र छोटो बाटोबाट धनी हुने स्किम भएका लगानीका अवसरहरू हेर्दा आकर्षक देखिएता पनि त्यो गलत हुनसक्छ । त्यस्ता काल्पनिक प्रतिफल दिने लगानीबाट सधैं होसियार हुन जरुरत छ । सामाजिक सञ्जालहरूमा आएका आकर्षक भनाई र प्रचारप्रसारमा लागेर हचुवाको भरमा लगानी गर्नु हुँदैन ।

यस्तै नियामकहरूले ठगी गर्नेहरूलाई कडा कारबाहीका कानुनहरू बनाएर लागु गर्न आवश्यक छ । अर्बौं घोटला गर्नेहरूलाई केही लाखको सजाय अत्यन्त न्यून हुने हुनाले यसलाई बढाउन जरुरी छ । नीति निर्माता र निर्णय तहमा रहेकाहरूमा नैतिकता र इमान्दारिता हुनुपर्छ । कानुनमा भएका छिद्र र कमजोरीहरू सुधारेर त्यसलाई रोक्न आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्दै जानुपर्ने देखिन्छ । लगानीकर्ताबाट परेका उजुरीहरूको समयमा छानबिन गरेर किनार लगाउन झन धेरै खाँचो छ । लगानीमा हुने धोका, बेइमानी र छलकपट पहिचान गर्नका लागि नियामक निकायमा आवश्यक पर्ने सक्षम मानव संशाधन र प्रविधिको व्यवस्थासहित स्रोत साधनको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । लगानीमा प्रयोग हुने प्रविधि र यसको दुरुपयोग गरेर अपराधीहरूले कसरी ठगी गरिरहेका हुन्छन् हरेक लगानीकर्तालाई बुझाउनु पर्छ । टिएमएस, मेरो शेयर, बैक खाता, वालेट र डिजिटल कारोबारलाई कसरी सुरक्षित राख्न सकिन्छ, लगानीकर्तालाई राज्यका निकाय र लगानीसँग सरोकार राख्ने निजी संस्थाहरूको समेत सक्रियतामा समयसमयमा जानकारी र शिक्षित गराउने गर्नुपर्छ । यस्ता परिघटनाबाट सर्वसाधरणलाई बचाउन सचेतनाका कार्यक्रम सम्पूर्ण सरोकार निकायले सञ्चालन गर्ने हो भने लगानीकर्तामा ज्ञान र अनुभव बढ्न गई ठगी र स्क्यामका घटनाहरू स्वत न्यूनीकरण हुने देखिन्छ । (लेखक धितोपत्र बजारका जानकार हुनुहुन्छ । प्रस्तुत विचार लेखक स्वयम्को हो ।)

# विपद्‌ले लम्बिए निर्माणाधीन बृहत् खानेपानी आयोजना

राजकुमार पराजुली

काभ्रेपलाञ्चोकमा दुई स्थानीय तहमा सञ्चालित बृहत् खानेपानी आयोजनामा गत महिनाको बाढीपहिरोले ठूलो क्षति पुऱ्यायो । गत असोज ११ र १२ गतेको अविरल वर्षाको बाढीपहिराले तेमाल गाउँपालिका र पाँचखाल नगरपालिकामा सञ्चालित निर्माणाधीन खानेपानी आयोजनामा क्षति पुगेपछि समयमै सम्पन्न गर्ने लक्ष्य पूरा हुन नसक्ने हुँदा तोकिएको समयमा स्थानीय नागरिकले खानेपानी उपभोग गर्नबाट वञ्चित बन्न पुगेका हुन् ।

तेमालमा ५५ हजार स्थानीयका लागि सञ्चालित खानेपानी आयोजनाको प्रारम्भिक मूल्याङ्कनअनुसार रु आठ करोडका संरचनामा क्षति पुगेको जनाइएको छ । उपभोक्ता समितिका अनुसार खानेपानीको स्रोतका रुपमा रहेका मुहान क्षेत्र सुनकोशी नदी किनारमा एउटा मुख्य ट्याङ्की पूर्ण रुपमा पुरिएको छ । समितिका अध्यक्ष सङ्ग्रामजित लामाले लिफ्टिङका लागि राखिएको एक ट्रान्सफर्मर, तीन गार्ड घर, बिजुलीका १५ वटा खम्बा, चारवटा वितरण ट्याङ्कीमा क्षति पुगेको छभने एक हजार तीन सय मिटर जिआईका मुख्य पाइपलाइनमा क्षतिग्रस्त भएको तथा बिजुलीका संरचना सबै ध्वस्त भएको जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न बस्तीमा लगिएका पाइपलाइनमा पनि क्षति पुगेको छ ।

सो आयोजना पुनःनिर्माण एवं मर्मत-सुधार गर्नका लागि आयोजनासँग बजेट प्राप्तिका लागि प्रशासनिक कार्य सुरु गरिएको लामाले बताउनुभयो । “प्राविधिकसहित प्रत्येक संरचनाको क्षति मूल्याङ्कन गर्ने कार्य भर्खरै सुरु गरेका छौं, यकिन क्षति विवरण भने आउन बाँकी नै छ”, उहाँले भन्नुभयो । आयोजना सम्पन्न गर्न थपिएको समयसीमामा लक्षित समुदायमा पानी वितरण गर्ने सम्पूर्ण तयारी भइसकेको अवस्थामा बाढीपहिराले आयेजनामा क्षति पुगेको लामाको भनाइ छ । लामाले गत साउनमा सक्नुपर्ने आयोजना केही प्राविधिक कारण असोजसम्म लम्बिएको थियो । उहाँले भन्नुभयो, “विपद्ले झन् तहसनहस बनाइदियो, अब कहिलेसम्म बनाइसक्ने हो, आधाकारिक मूल्याङ्कनपछि मात्रै थाहा हुनेछ ।”

गत वर्षको चैतमै समयसीमाभित्र उपभोक्ताको घरघरमा खानेपानी उपलब्ध गराउने लक्ष्य लिइए पनि निर्माण कम्पनीले भुक्तानी नपाएको भन्दै काम रोकेपछि गत साउनसम्म लम्ब्याइएको थियो । खानेपानी मन्त्रालयबाट करिब रु पाँच करोड भुक्तानी नपाएको जनाउँदै कम्पनीले महिनौंदेखि निर्माणको काममा आलटाल गरेको उपभोक्ता समितिले जनाएको छ । उक्त आयोजना आठ वर्षअघि कालिका-सिएबी जेभी नामक निर्माण कम्पनीले २०७८ मा सक्ने गरी ठेक्का लिएको थियो ।

यसअघि आयोजनालाई कोरोनाको दुई लहर र २०८० साउनमा सुनकोशी नदीमा आएको बाढीले मुहान क्षेत्रमा क्षति पुऱ्याउँदा सो आयोजना करिब एक वर्ष धकेलिएको थियो । लामाले आयोजनाको ९९ प्रतिशत काम सकिएको बताउनुभयो । उहाँका अनुसार आयोजनाको पानी प्रशोधनको काम भएको छभने पहिलो चरणमा करिब तीन हजार पाँच सय उपभोक्तालाई घरमा पानी पुऱ्याइसकिएको थियो । उहाँका अनुसार २३ ट्याङ्कीमा पानी परीक्षण भइसकेको, मुख्य पाइपलाइन र शाखा लाइनमा पाइप बिछ्याउने तथा घरघरमा धाराका सामग्री वितरण कार्यसमेत सकिएको थियो । साथै, प्रशोधन केन्द्रदेखि वितरण ट्याङ्कीसम्मको पाइपमा समेत पानी परीक्षण भइसकेको जनाइएको छ ।

यस आयोजनाले नमोबुद्ध नगरपालिका-५ कोट तेमाल र कालीमाटीका करिब नौ सय घर तथा रोशी गाउँपालिका-७ कटुञ्जेस्थित एक सय १० घरपरिवार समेटेको छ । तेमाल क्षेत्रका नौ हजार तीन सय १० परिवारका करिब ५५ हजारका लागि खानेपानी आयोजना सञ्चालन गरिएको हो । पाइपको मुख्य लाइनअन्तर्गत ५० किलोमिटर उपभोक्ताले खाल्डो खनेर बिछ्याउनुपर्ने सम्झौताअनुसार काम भएको थियो । आयोजनाका लागि रु पाँच करोड बराबरको जनश्रमदान भएको लामाले बताउनुभयो । आयोजनाको छुट भएका केही निर्माणको काम गर्न सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट गत पुसमा रु १० करोड ३४ लाख ४१ हजार उपलब्ध भए पनि थप निर्माणको काम भएको छ ।



याङ्बेल डाँडामा आयोजनाको चार लाख लिटर क्षमताका निर्माण गरिएको दुई मुख्य ट्याङ्कीमा भने क्षति नपुगेको लामाले बताउनुभयो । लिफ्टिङ प्रविधिको उक्त आयोजनाको मुहान सुनकोशी नदी किनारमा छ । गत वर्षको पहिलो बाढीले तेमाल खानेपानीको मुहान रहेको स्थान तेमाल गाउँपालिका-२ र ३ को सिमाना सुनकोशी नदी किनार चुखाबेँसीका कटान गरेको थियो । त्यससँगै गत साउन १७ र १९ गतेको बाढीले क्षति पुऱ्याएपछि आयोजनाको मुहान क्षेत्रमा निर्माण लिफ्टिङ ट्याङ्कीको जोखिमलाई सुरक्षित गरिएको छ । लामाका अनुसार बाढीले त्यतिबेला आयोजनाको रु ६० लाखभन्दा बढी क्षति पुऱ्याएको थियो भने करोडौंका संरचनालाई जोखिम पुऱ्याएको थियो ।

तेमाल क्षेत्रअन्तर्गत तेमाल गाउँपालकाको नौ वडा, नमोबुद्धको तीन वडा तथा रोशी गाउँपालिकाको ७ नं वडाका बासिन्दाले उक्त खानेपानी उपभोग गर्न पाउने भएका हुन् । विसं २०७२ असारमा सम्झौता भएको आयोजनाको काम २०७८ मङ्सिरमा सक्ने लक्ष्य राखिएको थियो । खानेपानी विभागमार्फत रु एक अर्ब २७ करोड, गाउँपालिकाको एक प्रतिशत र स्थानीय उपभोक्ताले नौ प्रतिशत जनश्रमदानमा सञ्चालन गरिएको आयोजनामध्ये दुई चरणमा सुनकोशी नदीबाट १२ किलोमिटरको उचाइमा लिफ्टिङ गरी खानेपानी उपलब्ध गराइने संरचना बनिसकेका थिए ।

यसैगरी, गत असोज तेस्रो साता पाँचखालका उपभोक्ताले आ-आफ्ना धारामा खानेपानी पाउने थिए, तर यस वर्षको बाढीपहिरोले आयोजनामा क्षति पुऱ्याएपछि केही महिना धकेलिएको छ । पाँचखाल नगरमा सञ्चालित बृहत् पाँचखाल-सुनकोशी खानेपानी आयोजनाको काम अन्तिम चरणमा पुगिसकेको थियो । उपभोक्ता समितिले असोज २३ गते पहिलो चरणमा खानेपानी दिलाउने योजना बाढीपहिरोले विफल बनाएको हो । पाँचखालका छ हजार परिवारको साढे ३१ हजार नागरिकले घरघरमा स्वच्छ पिउने पानी पाउने आयोजना हो ।

बाढीपहिरोले आयोजनाको मुहान क्षेत्रमा डुबान गर्नाका साथै करिब ७५ मिटर घेरा पर्खाल भत्काएर लेदो जमेको छभने ४८ स्थानमा करिब तीन मिटर वितरण पाइप, १२ वटा बिजुली पोल, खानेपानीको करिब दुई किलोमिटर हाइटेन्सन तार तथा केही संरचनामा क्षति पुगेको आयोजनाले जनाएको छ । आयोजनाका परामर्शदाता अशोक अधिकारीका अनुसार प्रारम्भिक मूल्याङ्कनले आयोजनाको रु एक करोड ७० लाख क्षति पुगेको जानकारी दिनुभयो । उहाँले मुहानका मुख्यलगायत कलेक्सन ट्याङ्की तथा उक्त क्षेत्रमा जमेको लेदो सफाइ र अन्य भौतिक क्षति मर्मत गर्न करिब चार महिना लाग्नेछ ।

# विकास र वातावरण संरक्षणका काम सँगसँगै अगाडि बढाउनुपर्छः सञ्चारमन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विकास र वातावरण संरक्षणका काम सँगसँगै अगाडि बढाउनुपर्ने बताउनुभएको छ ।

नेपाल वातावरण पत्रकार समूह (नेफेज)को नवनिर्वाचित कार्यसमितिसँग मंगलबार मन्त्रालयमा भएको भेटमा उहाँले विकास निर्माण गर्दा वातावरण संरक्षणसँगै बहुसंख्यक जनताको हित पनि हेर्नुपर्ने उल्लेख गर्नुभयो ।सरकारका प्रवक्ता मन्त्री गुरुङले भन्नुभयो, “विकास निर्माण गर्दा केही रुख काट्नुपरे पनि त्यसको कैयौँ गुणा वृक्षरोपण गरेर विकासमा आउने बाधा अवरोध हटाउनुपर्छ । त्यसका लागि कानुनी व्यवस्था र कार्यान्वयनमा आवश्यक सुधार गर्न जरूरी छ ।”

कानुन देखाएर विकास निर्माणमा अवरोध गर्ने र आयोजनाका नाममा जथाभावी रुख कटान गर्ने दुवै कार्य उचित नभएको धारणा व्यक्त गर्नुभयो । मन्त्री गुरुङले पहिलेको तुलनामा नीतिगत रूपमा स्पष्टता आएको र कानुनी प्रावधानमा पनि सुधार भएको उल्लेख गर्नुहुँदै जलवायु परिवर्तनका मुद्दामा सचेतना बढे पनि प्रचलित नारामा बहकिएर चर्चा कमाउनेभन्दा काम गर्ने व्यक्ति कम भएको जिकिर गर्नुभयो ।

“नेपालको कार्बन उत्सर्जनमा नगण्य योगदान भए पनि जलवायु परिवर्तनका असरबाट बढी प्रभावित हुनुपरेको छ । यस विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले गत महिना संयुक्त राष्ट्रसङ्घको उच्चस्तरीय मञ्चमा प्रष्ट कुरा राखिसक्नुभएको छ”, उहाँको भनाइ थियो ।

मन्त्री गुरुङले जलवायु परिवर्तनले नेपालको वातावरणमा पारेको प्रभावलगायत विषयलाई अन्तर्राष्ट्रियकरण गरेर क्षतिपूर्तिका लागि विश्व जगतलाई आह्वान गर्नुपर्नेमा जोड दिनुभयो । त्यस अवसरमा नेफेजका अध्यक्ष चन्द्रशेखर कार्कीले संस्थाको कामकारबाहीका बारेमा जानकारी गराउनुहुँदै नेफेजको कार्यालय भवनको निर्माणकार्य बाँकी रहेकाले त्यसमा थप सहयोगका लागि आग्रह गर्नुभयो ।रासस

# विपद्मा परेकालाई सहयोग गर्नेहरूको पार्टीले उच्च मूल्याङ्कन गर्नेछः सभापति देउवा



पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विपद्मा परेकालाई सहयोग गर्नेहरूको पार्टीले उच्च मूल्याङ्कन गर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस ललितपुरको समन्वय र सहजीकरणमा ‘सुखदुःखमा कांग्रेस, सहयात्राको सन्देश’ भन्ने नारासहित मंगलबार ललितपुरमा आयोजित राहत सहयोग वितरण कार्यक्रममा उहाँले विपद्का समयमा भाषण गर्नेभन्दा पनि पीडितहरूलाई सहयोग र समस्या समाधान गर्न लाग्नुपर्नेमा जोड दिनुभयो । सभापति देउवाले भन्नुभयो,“देशभर विपद्का कारण धेरै नोक्सानी भएको छ, कैयौँले ज्यान गुमाएका छन्, यस्तो अवस्थामा सबै मृतकका परिवारजनप्रति समवेदना प्रकट गर्न चाहन्छु । साथै विपद्का समयमा उद्धार र राहत सामग्री वितरणमा महत्वपूर्ण भूमिका खेल्ने सबैलाई पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु ।”

उहाँले पार्टीका नेता, कार्यकर्ताका साथै कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिलाई निरन्तर राहत र पुनःस्थापनाका लागि खट्न आग्रह गर्नुभयो ।पूर्वमन्त्री एवं कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले बाढीपहिरो तथा विपद्का समयमा सहयोग गर्नु आफूलगायत हरेक व्यक्तिको दायित्व भएको बताउनुभयो ।

कांग्रेस ललितपुरका सभापति जीतेन्द्रकुमार श्रेष्ठले विपद्बाट भएको मानवीय र भौतिक क्षतिमा पार्टी र पार्टीबाट निर्वाचित जनप्रतिनिधिले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । उहाँले पार्टीका तर्फबाट बाढीपहिरो पीडितका लागि सङ्कलन गरेको रु दुई लाख २७ हजार पाँच सय पाँच बागमती गाउँपालिका आश्राङमा बाढीले घर बगाएका पीडित परिवारलाई प्रदान गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा बाढीपहिरोबाट मृत्यु भएका ४६ र बेपत्ता पाँच गरी ५१ जनाका परिवारलाई नगद रु २५ हजारका दरले राहत रकम वितरण गरिएको थियो ।रासस

# बालीमा लाग्ने नयाँ रोग र समस्या पत्ता लगाउन आग्रह

नेपालगञ्ज । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि वैज्ञानिक र प्राविधिकलाई बालीमा लाग्ने नयाँ रोग र समस्या पत्ता लगाउनतर्फ केन्द्रित हुन आग्रह गर्नुभएको छ ।

नेपाल कृषि अनुसन्धान परिषद् कृषि अनुसन्धान निर्देशनालय खजुराको मंगलबार निरीक्षण गर्दै उहाँले किसानसँग नजिक भएर उत्पादन वृद्धि गर्नेगरी काम गर्न निर्देशन दिनुभयो । मन्त्री अधिकारीले भन्नुभयो, “कृषि वैज्ञानिक र प्राविधिकहरु कृषि कर्म गर्ने किसानका अभिभावक हुन्, त्यसैले उहाँहरुसँग निरन्तर साक्षात्कार गर्नुहोस् र किसानलाई प्रविधिसँग जोड्न सहजीकरण गर्नुस् ।”

मन्त्री अधिकारीले कृषि विकासमा देखिएका थुप्रै समस्या सुधार गर्न प्रयास गरेको जानकारी दिँदै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का समस्या चाँडोभन्दा चाँडो व्यवस्थापन गरिने उल्लेख गर्नुभयो । उहाँले नार्क आफैँमा ऐतिहासिक पृष्ठभूमि बोकेको संस्था भए पनि लथालिङ्ग र विचलित अवस्थामा पुग्नु दुःखद भएको टिप्पणी गर्दै आत्मालोचना, आत्ममूल्याङ्कन र आत्मसमीक्षा गरेर आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक निभाउन कर्मचारीलाई आग्रह गर्नुभयो ।

कृषि अनुसन्धान निर्देशनालय खजुराका निर्देशक डा समीद अहमदले हाल दुई स्थान ठाकुरबाबा-३ मिर्चैया बर्दिया र शिवराज-३ सोनवर्षा कपिलवस्तुमा अनुसन्धान केन्द्र विस्तार गरिएको जानकारी दिनुभयो । निर्देशक अहमदका अनुसार आर्थिक वर्ष २०७९/८० देखि निर्देशनालयले लमही-२ केरुनिया दाङमा नार्क प्रविधि गाउँ सञ्चालन गरिएको छ । उहाँले जनशक्तिको चरम अभाव व्यहोरिरहेको जानकारी गराउनुभयो ।

खजुरामा रहेको कोसेबाली अनुसन्धान कार्यक्रमको पनि मन्त्री अधिकारीले निरीक्षण गर्नुभयो । कार्यक्रम संयोजक डा अनिल पोखेलले कोसेबाली कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । मन्त्री अधिकारीले नेपालगन्ज दुग्ध वितरण आयोजना कोहलपुरको पनि अवलोकन गर्नुभयो । आयोजना प्रमुख दिलीप चौधरीले आयोजनाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले किसानको दूधको बक्यौताबारे जिज्ञासा राख्नुभएको थियो ।रासस




# कुनै प्रभावमा नपरी जनसेवामा खटिन महानिरीक्षक अर्यालको निर्देशन



काठमाण्डु । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कुनै प्रभावमा नपरी जनसेवामा खटिन नवनियुक्त सशस्त्र प्रहरी निरीक्षकहरूलाई निर्देशन दिनुभएको छ । सशस्त्र प्रहरी निरीक्षक १६औँ समूहको आधारभूत तालिम सम्पन्न गरेका अधिकृतको दीक्षान्त समारोहमा मंगलबार उहाँले राज्य, सङ्गठन र आम नागरिकको आशा र अपेक्षालाई पूरा गर्ने ढङ्गबाट कार्यसम्पादन गर्न कार्यक्षेत्रमा परिचालित हुन निर्देशन दिनुभयो ।

महानिरीक्षक अर्यालले भन्नुभयो, “विषम परिस्थितिमा मात्र नभई विपद् व्यवस्थापन, आकस्मिक खोज तथा उद्धार, हुलदङ्गा व्यवस्थापन, सीमा सुरक्षा, विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, औद्योगिक सुरक्षा, रेलवे सुरक्षालगायत राजस्व चुहावट नियन्त्रण जस्ता संवेदनशील जिम्मेवारीमा सिङ्गो सङ्गठन प्रभावकारी रूपमा परिचालित भइरहेको छ । यहाँहरूले यसमा थप भूमिका निर्वाह गर्नु हुनेछ ।”

त्यस अवसरमा आधार भूत तालिम सम्पन्न गरेका १६औँ समूहका ४५ अधिकृत दीक्षित भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको समुपस्थितिमा मातातीर्थस्थित राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानमा आज आयोजित विशेष समारोहमा तीन महिला र ४२ पुरुष प्रशिक्षार्थी दीक्षित भएका हुन् ।

आधारभूत तालिमको प्रथम प्रवचन २०८० साउन १० गतेदेखि सुरु भएको थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक कमल गिरीले तालिमका क्रममा सहभागीलाई तीन चरणमा विभिन्न विषयवस्तुबारे प्रशिक्षित गरिएको जानकारी दिनुभयो।पहिलो चरणमा ‘कन्भेन्सनल ट्याक्टिस’, व्यक्तिगत बन्दोबस्ती, कवाज, शारीरिक तालिम, नक्सा अध्ययन, हतियार तालिम, ‘फिल्ड क्राफ्ट’, ‘ब्याटल क्राफ्ट’, फायरिङ, प्राथमिक उपचार तथा परम्परागत युद्धकला सिकाइएको थियो । सहभागीलाई विभिन्न क्षेत्रका २१ विशेषज्ञले प्रशिक्षण दिनुभएको थियो ।

दोस्रो चरणमा ‘अनकन्भेन्सनल ट्याक्टिस’, हुल तथा दङ्गा व्यवस्थापन, महत्वपूर्ण प्रतिष्ठान तथा विशिष्ट व्यक्ति सुरक्षा, ‘बेसिक पुलिसिङ’ सीप र साहसिक तालिम तथा तेस्रो चरणमा नेतृत्व, प्रशासन व्यवस्थापन, अपराध अनुसन्धान, ‘केस स्टडी’, पुस्तक समीक्षा, अनुसन्धान प्रस्तावना लेखनलगायत विभिन्न क्रियाकलापबारे जानकारी गराइएको कार्यकारी निर्देशक गिरीले जानकारी दिनुभयो । तालिमका दौरान स्थानीय इलाकामा पहिलो चरणमा तीन/तीन दिन तथा दोस्रो चरणमा पाँच दिनको बाहिरी अभ्यास र तेस्रो चरणमा छ दिनको ‘हाइब्रिड एक्सरसाइज’ सञ्चालन गरिएको थियो।

समारोहमा प्रधानमन्त्री ओलीले तालिमका दौरान विभिन्न विधामा उत्कृष्ट भएका अधिकृतत्रय रमेश जोशी (डडेल्धुरा), वासुदेव मिश्र (नुवाकोट) र सुजन पोखरेल (स्याङ्जा)लाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभयो । दीक्षित सशस्त्र प्रहरी निरीक्षकलाई आआफ्ना अभिभावकले दर्ज्यानी चिह्न प्रदान गर्नुभयो । तालिम पूरा गर्नुभएका सशस्त्र प्रहरी निरीक्षक मंगलबारदेखि आआफ्नो कार्यक्षेत्रमा खटिनुभएको छ ।

त्यस अवसरमा आधारभूत तालिम सम्पन्न गरेका प्रहरी निरीक्षकबाट विभिन्न कवाज प्रदर्शन गरिएका थिए।प्रतिष्ठानबाट सशस्त्र प्रहरी सङ्गठनमा प्रवेश गरेका सकल दर्जालाई विभिन्न आधारभूत तथा उन्नत तालिम प्रदान हुँदै आएको छ । तालिममार्फत पेसागत ज्ञान, सीप तथा नेतृत्व विकास गरी अधिकृत तथा जवानमा सङ्गठनको आदर्श, मूल्य तथा मान्यताको दरिलो जग बनाउने उद्देश्यले प्रतिष्ठानको स्थापना भएको कार्यकारी निर्देशक गिरीले जानकारी दिनुभयो ।

समारोहमा गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मी, मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, गृह सचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजुअर्याललगायत उच्च पदस्थ व्यक्ति उपस्थित हुनुहुन्थ्यो ।रासस

# नवीकरणीय ऊर्जा प्रवर्द्धनमा मन्त्री खड्काको जोड

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवीकरणीय ऊर्जा क्षेत्रको प्रवर्द्धनका निम्ति सरकारबाट सक्दो सहयोग हुने उल्लेख गर्दै त्यसनिम्ति सक्रिय भएर लाग्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलगायत सम्बन्धित निकायहरूसँग अनुरोध गर्नुभएको छ ।

केन्द्रको २८औँ वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले नवीकरणीय ऊर्जाको विकासका लागि त्यससम्बन्धी विधेयक यथाशीघ्र पारित गर्नुपर्ने पक्षमा आफू रहेको बताउनुभयो । उहाँले संसद्को आगामी अधिवेशनमा उक्त विधेयकलाई प्राथमिकताका साथ प्रस्तुत गरिने बताउनुभयो । ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले त्यसलाई पूरा गर्न केन्द्रको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।


मन्त्री खड्काले नवीकरणीय ऊर्जा विकासको क्षेत्रमा योगदान गरेका व्यक्ति तथा संस्थालाई सम्मान गर्नुभयो ।ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले नवीकरणीय ऊर्जाका माध्यमबाट विद्युत् नभएका स्थानमा उज्यालो पुर्‍याउन केन्द्रले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभयो । उहाँले विद्युत्मा पहुँच नभएका ग्रामीण इलाकामा नवीकरणीय ऊर्जा उत्पादन गर्न केन्द्रलाई सुझाव दिनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा सौर्य प्यानलका माध्यमबाट ऊर्जा उत्पादन भएको जानकारी दिनुभयो । केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले स्थापनाकालदेखि नै केन्द्रले अहोरात्र काम गरी हालसम्म ४० हजार दुई सय ५३ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना निर्माण गरेको जानकारी दिनुभयो । केन्द्रले हालसम्म देशका ३६ लाख ५० हजार घरमा नवीकरणीय ऊर्जा सेवा प्रवाह गरेको उहाँले बताउनुभयो ।

देशभर नवीकरणीय ऊर्जाको क्षेत्रमा पाँच सयभन्दा बढी कम्पनी क्रियाशील रहेका छन्भने ती कम्पनीमा ४० हजारभन्दा बढीले रोजगारी पाएका छन् । वार्षिकोत्सवका अवसरमा कर्मचारीहरुले रक्तदान गरेका थिए ।रासस



# अराजक गतिविधि मौलाउन दिइन्नः प्रधानमन्त्री ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले अराजकता तथा साम्प्रदायिक विद्वेष फैलाउने प्रयास भइरहेकाले त्यस्ता क्रियाकलापलाई मौलाउन नदिइने स्पष्ट गर्नुभएको छ ।

मातातीर्थस्थित सशस्त्र प्रहरी बल प्रतिष्ठानमा मंगलबार भएको सिर्स-१६, सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा उहाँले कानुन विपरीत क्रियाकलाप हुन नदिने बताउनुभयो । दीक्षितहरूलाई राष्ट्रको शान्तिसुरक्षामा समर्पित हुने ध्येयका साथ सेवा प्रवेश गरी तालिम पूरा गरेकामा बधाई ज्ञापन गर्दै प्रधानमन्त्री ओलीले प्रहरी बललाई प्रभावकारी बनाउन तथा सुविधा बढाउन मौजुदा कानुन संशोधन गरिने बताउनुभयो । प्रधानमन्त्री ओलीले सीमा क्षेत्रको सुरक्षा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै सङ्गठनको क्षमता विस्तारमा जोड दिनुभयो ।

त्यस अवसरमा गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मी, मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललगायत उपस्थित हुनुहुन्थ्यो ।आज ४५ जना दीक्षित भएका हुन् ।रासस

# ‘सशस्त्र प्रहरीलाई प्रविधिमैत्री र चलायमान बनाइने’



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले युग सुहाउँदो तालिम र प्रविधिसहितको परिचालनले मात्र अबका सुरक्षा चुनौती सामना गर्न सकिने बताउनुभएको छ ।

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा मंगलबार आयोजित सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम दीक्षान्त समारोहमा उहाँले सशस्त्र प्रहरीलाई प्रविधिमैत्री र चलायमान बनाउन मन्त्रालयले काम गरिरहेको बताउनुभयो । गृहमन्त्री लेखकले भन्नुभयो, “७७ वटै जिल्लामा परिचालित सशस्त्र प्रहरीलाई थप जनशक्ति व्यवस्थापनका साथै भौतिक पूर्वाधार, युग सुहाउँदो बन्दोबस्ती सामग्रीले सुसज्जित गर्दै लैजान गृहमन्त्रालय प्रयासरत छ । ”

नीतिगत व्यवस्था र कार्यान्वयनको तहमा गर्नुपर्ने आवश्यक सम्पूर्ण सहयोग गर्न मन्त्रालयबाट तयार रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँले राज्यले सुम्पिएका जिम्मेवारीलाई विषम परिपरिस्थितिमा समेत सशस्त्र प्रहरीले व्यावसायिक दक्षता प्रदर्शन गर्दै आएको बताउनुभयो । मौजुदा स्रोतसाधनको प्रयोग गरी नतिजा हासिल गर्नेतर्फ विगत र वर्तमान जस्तै क्रियाशील रहिरहन सशस्त्र प्रहरीलाई गृहमन्त्री लेखकले निर्देशन दिनुभयो । “सुरक्षा निकायका हरेक सदस्यले संविधान र प्रचलित ऐन-नियमको परिधिभित्र रही मानवअधिकारको संरक्षण र परिपालनामा कर्तव्यनिष्ठ भई कार्य गरेमा लोकतान्त्रिक संस्कार र विधिको शासन स्थापित हुँदै जान्छ”, उहाँले भन्नुभयो, “विधिको शासन र कानुनी राज्यको मूल मर्मलाई आत्मसात् गर्दै कानुन पालना गर्ने/गराउने निकायले चनाखो एवम् होसियार रहेर आफ्ना काम कारबाही सञ्चालन गर्नु/गराउनु अहिलेको आवश्यकता हो ।”प्रशिक्षणलाई समयानुकूल आधुनिक र वैज्ञानिक बनाई राज्यलाई दक्ष अधिकृत निर्माणमा सङ्गठनले खेलेको भूमिकाको प्रशंसा गर्दै मन्त्री लेखकले सशस्त्र प्रहरी एउटा निश्चित, स्पष्ट, वैज्ञानिक किसिमले सबैको हित हुने ढङ्गले अगाडि बढ्ने व्यवस्था गरिने बताउनुभयो ।

सशस्त्र प्रहरीको नयाँ ऐनले सशस्त्र प्रहरीको सेवालाई विशिष्टिकृत गर्दै लैजाने बताउँदै उहाँले त्यो विधेयक आगामी सङ्घीय संसद् अधिवेशनमा पेस गरिने बताउनुभयो । “सशस्त्र प्रहरी बलको मौजुदा कानुनलाई परिवर्तन गरेर नयाँ कानुन निर्माणमा अगाडि बढेको छौँ । यसले बललाई थप सक्षम, सबल र व्यवसायिक बनाउने विश्वास लिएको छ”, उहाँले भन्नुभयो ।

गृहमन्त्री लेखकले नयाँ कानुनका सम्बन्धमा परामर्शको काम अन्तिम चरणमा रहेकाले आगामी सङ्घीय संसद्को अधिवेशनमा पेस गरेर कानुन निर्माण गरिने जानकारी दिनुभयो । सशस्त्र प्रहरीले खेलकुदको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो ।रासस

# उत्तर कोरियाले १० हजार सैनिक रुसमा तालिमका लागि पठायो- अमेरिका

एएफपी

वासिङ्टन। वासिङ्टनले उत्तर कोरियाले १० हजार सैनिक रुसमा तालिमका लागि पठाएको र सम्भवतः केही हप्तामै युक्रेनविरुद्ध लड्ने सम्भावना रहेको बताएको छ। सोलले मङ्गलबार चेतावनी दिँदै यो तीव्र तैनाथीले 'महत्त्वपूर्ण सुरक्षा खतरा' उत्पन्न गरेको बताएको छ। सोलले लामो समयदेखि आणविक-सशस्त्र उत्तर कोरियाले मस्कोलाई किएभविरुद्ध लड्न हतियार पठाएको आरोप लगाउँदै आएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले जुनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरेपछि प्योङ्याङले ठूलो सङ्ख्यामा सैनिक तैनाथ गर्न थालेको सोलको आरोप छ।उत्तर कोरियाले सैनिक पठाएको अस्वीकार गरेको छ। यद्यपि गत हप्ता सरकारी मिडियामा पहिलो टिप्पणीमा उत्तर कोरियाली उपविदेशमन्त्रीले यस्तो तैनाथी भएमा यो अन्तर्राष्ट्रिय कानून अनुरूप हुने बताउनुभएको थियो।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले उत्तर कोरियाले 'चाँडै' रुसी भूमिमा १२ हजारसम्म सैनिक पठाउन सक्ने चेतावनी दिनुभएको छ। जबकि अमेरिकी राष्ट्रपति जो बाइडेनले यस तैनाथीलाई 'अत्यन्त खतरनाक' भन्दै आलोचना गर्नुभएको छ।पेन्टागनकी उप प्रेस सचिव साब्रिना सिंहले पत्रकारहरूलाई बताएअनुसार उत्तर कोरियाले पूर्वी रुसमा तालिमका लागि कूल १० हजार सैनिक पठाएको छ र यसले सम्भवतः आगामी केही हप्तामा युक्रेन नजिक रुसी सेनालाई बढाउनेछन्।

नाटो प्रमुख मार्क रुटले यो तैनाथी 'रुसको युद्धको खतरनाक विस्तार' हो, र यो 'पुटिनको बढ्दो निराशाको सङ्केत' हो भन्नुभयो।रुटका अनुसार द्वन्द्व सुरु भएयता छ लाखभन्दा बढी रुसी सैनिक मारिएका वा घाइते भएका छन् र क्रेमलिन विदेशी समर्थन बिना आक्रमण जारी राख्न असमर्थ छ।दक्षिण कोरियाली गुप्तचर अधिकारीहरूसँगको ब्रिफिङपछि ब्रसेल्समा उहाँले उत्तर कोरियाली सैन्य एकाइहरू रुसको पश्चिमी कुर्स्क क्षेत्रमा तैनाथ गरिएको बताउनुभयो।



**उपग्रह प्रक्षेपण ?**

दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले मङ्गलबार मस्को र प्योङ्याङबीचको बढ्दो सैन्य सहयोग 'अन्तर्राष्ट्रिय समुदायका लागि महत्त्वपूर्ण सुरक्षा खतरा' भएको उल्लेख गर्दै सोलले 'प्रतिकार्य' बारे विचार गरिरहेको चेतावनी दिनुभयो।सोलका जासुसी निकायले सांसदहरूलाई दुई देशबीच तीव्र सैन्य सहयोग भइरहेको सङ्केत गर्दै उच्च पदस्थ उत्तर कोरियाली जनरलहरू पनि 'अग्रपङ्क्तिका क्षेत्रहरूमा जान सक्ने' बताएको छ।

एएफपीले प्राप्त गरेको प्रतिलिपिअनुसार सांसदहरूलाई ब्रिफिङपछि उत्तरले मेमा असफल प्रयासपछि 'उन्नत घटकहरू र रुसी प्राविधिक सहायता प्रयोग गरेर' अर्को उपग्रह प्रक्षेपणको तयारी गरिरहेको चेतावनी दिएको सांसद ली सेओङ-क्वेउनले बताउनुभयो।विशेषज्ञहरूका अनुसार सैनिक पठाएबापत उत्तर कोरियाले निगरानी उपग्रहदेखि पनडुब्बीसम्मका सैन्य प्रविधि र मस्कोबाट सम्भावित सुरक्षा ग्यारेन्टी प्राप्त गर्ने लक्ष्य राखेको छ।

उत्तरले रुस तैनाथीबारे सूचना प्रवाहलाई आन्तरिक रूपमा पनि नियन्त्रण गरिरहेको जासुसी निकायलाई उद्धृत गर्दै लीले ली सेओङ-क्वेउनले बताउनुभयो। उहाँले भन्नुभयो, "तैनाथ गरिएका सैनिकका परिवारलाई उनीहरू तालिममा छन् भनेर झुटो जानकारी दिइएको छ।" उत्तर कोरियाको सरकारी कोरियन सेन्ट्रल न्यूज एजेन्सीका अनुसार उत्तर कोरियाका विदेशमन्त्री यस साता मस्को जानुभएको छ। यद्यपि कुनै विवरण दिइएको छैन।

**बढ्दो खतराहरू**

प्रमुख हतियार निर्यातक दक्षिण कोरियाले युक्रेनलाई सिधै हतियार आपूर्ति गर्ने बारेमा पुनर्विचार गर्ने यसअघि नै बताएको थियो। पुनर्विचार गर्न उसका पश्चिमी सहयोगीहरूले लामो समयदेखि माग गर्दै आएका थिए। सोलले अहिलेसम्म लामो समयदेखिको घरेलु नीतिका कारण यो कदम चाल्न अस्वीकार गर्दै आएको छ।

सोलले पहिले नै किएभको एक प्रमुख सहयोगी पोल्यान्डलाई अर्बौं डलर मूल्यका ट्याङ्क, तोप, आक्रमण विमान र रकेट लन्चर बेचिसकेको छ।

युरोपेली सङ्घ (इयु) की प्रमुख उर्सुला भोन डेर लेयनले पनि उत्तर कोरियाले पहिलो पटक सैनिक पठाउनु 'युक्रेनविरुद्धको युद्धको महत्त्वपूर्ण वृद्धि हो र यसले विश्व शान्तिलाई खतरामा पार्छ' भन्दै चेतावनी दिनुभएको छ।

उहाँले दक्षिण कोरियाली राष्ट्रपति युनसँगको टेलिफोन वार्तापछि यस घटनाक्रमप्रति इयुको प्रतिक्रिया दक्षिण कोरिया र अन्य समान विचारधारा भएका साझेदारहरूसँगको सहकार्यमा केन्द्रित हुने भन्दै राष्ट्रपतिलाई आश्वस्त पार्नुभयो।त्यसैगरी संयुक्त राज्य अमेरिकाले मस्को र प्योङ्याङ दुवैको सहयोगी चीनलाई 'आफ्ना दुई छिमेकी रुस र उत्तर कोरियाको यस अस्थिरकारी कार्यप्रति चिन्तित हुनुपर्छ' भनेको विदेश विभागका प्रवक्ता म्याथ्यु मिलरले पत्रकारहरूलाई बताउनुभयो।

# पाटन प्रिमियर लिगः पञ्चेश्वर अन्तिम चारमा सुरक्षित



बैतडी। यहाँको पाटनमा जारी चौथो संस्करणको पाटन प्रिमियर लिगको सुपर सिक्सका खेल सम्पन्न भएका छन्। सुपर सिक्सका खेलबाट चार समूह सेमिफाइनलमा प्रवेश गरेका छन्।

सोमबार सम्पन्न सुपर सिक्सको अन्तिम खेलमा पञ्चेश्वर गाउँपालिकाको टोली लगातार दोस्रो उत्कृष्ट जीतका साथ समूह विजेता बन्दै सेमिफाइनलमा पुगेको हो। सेमिफाइनलमा सुरक्षित हुने क्रममा पञ्चेश्वरले कुलगडे क्रिकेट क्लबमाथि दुई सय २४ रनको जीत निकाल्यो।पञ्चेश्वरले दिएको तीन सय रनको विशाल लक्ष्य पछ्याएको कुलगडे १२.५ ओभरमा ७५ रनमा समेटियो। कुलगडेका विवेक चन्दले ३९ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। पञ्चेश्वरका हिक्मत महराले चार, भोजराज भट्ट र दिनेश महराले दुई/दुई विकेट हात पारे।

यसअघि श्रीकृष्ण मावि पाटनको खेल मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको पञ्चेश्वरले निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा दुई सय ९९ रन बनायो।

पञ्चेश्वरका वसन्त कार्कीले शतकीय पारी खेल्दै एक सय ४५ रनमा अविजित रहे। वसन्तले हिर्काएको रन पाटन प्रिमियर लिगमा इतिहासको दोस्रो व्यक्तिगत उच्च अङ्क रहेको आयोजकले जनाएको छ।यसअघि पञ्चेश्वरका अभिषेक पालले एक सय ६५ रन बनाउँदै कीर्तिमान बनाएका थिए। सोमबारको खेलमा अभिषेकले २८, वीरेन्द्र नाथले २१, सुनील चन्द ३३, नरेश चन्दले ३८ रन जोडे। कुलगडेका सुरज ठगुन्नाले दुई विकेट लिए।

पञ्चेश्वर समूहबाट आयोजक पाटन क्रिकेट क्लब उपविजेताका रूपमा सेमिफाइनलमा पुगेको छ। पाटन क्रिकेट क्लबको आयोजनामा गत असोज ३० गतेदेखि सुरू भएको प्रतियोगिताको फाइनल खेल बुधबार हुनेछ। प्रतियोगिताको प्रथम पुरस्कार रु एक लाख २३ हजार चार सय ५६ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने क्लबका अध्यक्ष किरण चन्दले जानकारी दिनुभयो।

द्वितीय पुरस्कार रु ५६ हजार सात सय ८९ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने क्रिकेट क्लबले जनाएको छ।


'म्यान अफ द सिरज'बापत रु १२ हजार तीन सय ४५ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। 'बेस्ट बलर' र 'ब्याट्सम्यान'लाई पनि समान रु छ हजार सात सय ८९ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष चन्दले जानकारी दिनुभयो।यसअघि पहिलो संस्करणको पाटन प्रिमियर लिग (पिपिएल) क्रिकेटको उपाधि कैलपाल क्रिकेट क्लब जर्ग, दोस्रो भीमदत्त बहुप्राविधिक शिक्षालय (बिडिपिआइ) र तेस्रो मेलौली नगरपालिकाले हात पारेको थियो।रासस

# जर्जियाले विवादित मतहरूको आंशिक पुन:गणना गर्ने

एएफपी

टिबिलिसी। विपक्षी दलहरूले शनिबारको संसदीय चुनावलाई धाँधली भएको आरोप लगाएपछि जर्जियाको केन्द्रीय निर्वाचन आयोगले मङ्गलबार करिब १४ प्रतिशत मतदान केन्द्रहरूमा मतपत्रको पुनःगणना गर्ने जनाएको छ।

पश्चिम-समर्थक विपक्षी दलहरूले शनिबारको मतदानको नतिजालाई अस्वीकार गरेका छन्। नतिजालाई उनीहरूले सत्तारूढ जर्जियन ड्रिम पार्टीको पक्षमा मिलाइएको दाबी गरेका छन्। सोमबार टिबिलिसीमा दशौं हजार मानिसहरूले विरोध र्‍यालीमा भाग लिएका थिए।



"जिल्ला निर्वाचन आयोगहरू (डिइसी) ले प्रत्येक निर्वाचन जिल्लाबाट अनियमित रूपमा छानिएका पाँच मतदान केन्द्रको मतपत्रको पुनःगणना गर्नेछन्", आयोगले एक विज्ञप्तिमा भनेको छ।आयोगले घोषणा गरेको लगभग पूर्ण नतिजाअनुसार सत्तारूढ जर्जियन ड्रिम पार्टीले ५३ दशमलव नौ प्रतिशत मत प्राप्त गरेको छ भने विपक्षी गठबन्धनले ३७ दशमलव सात प्रतिशत मत पाएको छ।

राष्ट्रपति सालोम जुराबिश्विलीले 'रसियन विशेष अपरेशन' द्वारा निर्वाचनमा हस्तक्षेप भएको आरोप लगाउँदै चुनावी नतिजालाई 'अवैध' घोषणा गर्नुभएको छ। उक्त दाबीलाई क्रेमलिनले अस्वीकार गरेको छ।विपक्षी दलहरूले नयाँ 'अवैध' संसद्मा प्रवेश नगर्ने र 'अन्तर्राष्ट्रिय निर्वाचन प्रशासन' द्वारा 'नयाँ' चुनाव गराउन माग गरेका छन्।संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घ (इयु) ले निर्वाचन 'अनियमितताहरू' को निन्दा गरेका छन्।

जर्जियाका प्रमुख निर्वाचन अनुगमनकर्ताहरूको एक समूहले सोमबार जटिल र ठूलो मात्रामा धाँधलीको प्रमाण फेला परेको बताएका छन् र कम्तीमा १५ प्रतिशत खसेको मत रद्द गर्न माग गरेका छन्।"मतदान डाटाले मतपेटिका भर्ने/गलत गणनाको तर्कलाई समर्थन गर्ने ठोस प्रमाण प्रदान गर्छ", डाटा विश्लेषक लेवान क्विर्क्वेलियाले एक्समा भन्नुभयो, "यो हेरफेर विशेष रूपमा ग्रामीण क्षेत्रहरूमा भएको थियो र सत्तारूढ दलले निर्वाचनमा धाँधली गरेको छ हामी भन्न सक्छौं।"

मतदानमाथि इयुको चिन्ताहरूलाई बेवास्ता गर्दै हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बान दुई दिने भ्रमणका लागि सोमबार टिबिलिसी आइपुग्नुभएको छ। ओर्बान इयु ब्लकको घुम्ती अध्यक्षताका वर्तमान धारक र क्रेमलिनका निकटतम इयु सहयोगी हुनुहुन्छ।

जर्जियामा मे महिनामा 'विदेशी प्रभाव' सम्बन्धी कानून विरुद्ध ठूलो प्रदर्शन भएको थियो। उक्त प्रदर्शनलाई आलोचकहरूले क्रेमलिन आलोचकहरूलाई चुप पार्न प्रयोग गरिने रूसी कानूनको प्रतिबिम्ब भएको बताएका छन्।


प्रदर्शनपछि संयुक्त राज्य अमेरिकाले जर्जियाली अधिकारीहरूमाथि प्रतिबन्ध लगायो भने ब्रसेल्सले इयु-आकांक्षी टिबिलिसीको प्रवेश प्रक्रियालाई रोक्यो।सत्तारूढ जर्जियन ड्रिम पार्टीमाथि विपक्षी दलहरूले महिनौंदेखि टिबिलिसीलाई इयुमा सामेल हुने लक्ष्यबाट टाढा राखेको र रूसको कक्षमा फर्काउने प्रयास गरेको आरोप लगाउँदै आएको छ।

# जापानको फुकुशिमा नजिकैको परमाणु रिएक्टर पुनः सञ्चालन हुने

एएफपी

टोक्यो।सुनामी-प्रतिरोधी पर्खाल अपग्रेड गरिएको एक जापानी परमाणु रिएक्टर मङ्गलबार क्षतिग्रस्त फुकुशिमा संयन्त्र नजिकैको क्षेत्रमा पुनः सञ्चालन हुने भएको यसका सञ्चालकले बताएका छन्।

जापानले सन् २०११ को फुकुशिमा विपत्तिपछि आफ्ना सबै ५४ रिएक्टर बन्द गरेको थियो तर त्यसयता ३३ मध्ये १२ वटा सञ्चालनयोग्य एकाइ पुनः सञ्चालनमा ल्याएको छ। यद्यपि पूर्वी र उत्तरी क्षेत्रमा कुनै पनि छैनन्।तोहोकु इलेक्ट्रिक पावर कम्पनीका अनुसार फुकुशिमा प्रिफेक्चरसँग जोडिएको उत्तरपूर्वी मियागी क्षेत्रको ओनागावा संयन्त्रको एकाइ नम्बर दुई मङ्गलबार १३औं एकाइ बन्ने भएको छ।



उत्सर्जन कटौती गर्न, जीवाश्म इन्धनको महँगो आयात घटाउन र कृत्रिम बौद्धिकता (एआई) का लागि डाटा सेन्टरहरूको ऊर्जा माग पूरा गर्न जापान परमाणु ऊर्जातर्फ फर्किँदै छ।"परमाणु ऊर्जा नवीकरणीय ऊर्जासँगै महत्त्वपूर्ण कार्बनमुक्त ऊर्जा स्रोत हो र हाम्रो नीति सुरक्षा सुनिश्चित गर्ने सर्तमा यसको अधिकतम प्रयोग गर्ने हो", सरकारका वरिष्ठ प्रवक्ता योशिमासा हायाशीले मङ्गलबार पत्रकारहरूलाई भन्नुभयो।

सन् २०११ को भूकम्प र सुनामीले करिब १८ हजारको ज्यान लिएको थियो भने बिजुलीका लाइनहरू काटिदिएको थियो र फुकुशिमा दाइचीमा ब्याकअप जेनेरेटरहरू डुबाउँदा तीन वटा रिएक्टर पग्लिएका थिए।त्यसयता सुरक्षा र नियामक मापदण्डहरू कडा बनाइएको छ र सन् २०२० मा पुनः सञ्चालनका लागि स्वीकृति पाएको ओनागावा संयन्त्रले आफ्नो सुनामी-प्रतिरोधी पर्खालको उचाइ समुद्र सतहबाट २९ मिटरसम्म बढाएको छ। यो उचाइ जापानमा सबैभन्दा अग्लो मध्ये एक हो।

पुनः सञ्चालनले पग्लिएपछि पहिलो पटक बोइलिङ वाटर रिएक्टर (बिडब्लुआर) - फुकुशिमामा प्रयोग गरिएको समान मोडल - पुनः सञ्चालनमा आउने अवस्था पनि निर्माण गरेको छ।"कार्बनमुक्त ऊर्जा स्रोतहरूद्वारा सञ्चालित हाम्रो राष्ट्रको आर्थिक वृद्धिको दृष्टिकोणबाट परमाणु रिएक्टरहरू पुनः सञ्चालन गर्ने महत्त्व बढ्दै छ", हायाशीले भन्नुभयो।

हालको योजनाअनुसार जापानले सन् २०३० सम्म आफ्नो विद्युत्को २० देखि २२ प्रतिशत परमाणु ऊर्जाबाट प्राप्त गर्ने लक्ष्य राखेको छ।

# उत्तरी गाजामा भएको इजरायली हमलामा ५५ जनाभन्दा बढीको मृत्यु

एएफपी

गाजा पट्टी। गाजाको उत्तरी जिल्ला बेत लाहियाको आवासीय भवनमा मङ्गलबार भएको इजरायली हमलमाा ५५ जनाभन्दा बढीको मृत्यु भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ।

मङ्गलबार राति बेत लाहियाकामा इजरायलले प्रहार गर्दा अबु नस्र परिवारको आवासीय भवनको भग्नावशेषमा उनीहरूको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको एजेन्सीका प्रवक्ता महमुद बासलले बताउनुभयो। हमलामा मृत्यु भएका १५ जनाको शव कमल अदवान अस्पतालमा ल्याइएको अस्पतालका निर्देशक हुसाम अबु साफियाले जानकारी दिनुभयो। उहाँले घटनामा ३५ जना घाइते भएको र तीमध्ये अधिकांश बालबालिका रहेको र उनीहरुको अस्पतालमा उपचार भइरहेको बताउनुभयो।



सफियाले अस्पतालमा निरन्तर मृतक तथा घाइतेहरू आइरहेको बताउँदै कर्मचारी र औषधिको अभावका कारण अस्पतालमा बिरामीहरूको उपचार गर्न गाह्रो भइरहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार जबलियामा सैन्य कारबाहीका क्रममा अस्पतालमा आक्रमण गर्दा सेनाले चिकित्सक टोली र कामदारहरूलाई पक्राउ गरेपछि कमल अदवान अस्पतालमा प्राथमिक उपचार सामग्री बाहेक अरू केही बाँकी छैन।गत हप्ता गाजाको स्वास्थ्य मन्त्रालयले इजरायली सेनाले अस्पतालमा आक्रमण गरेको जनाएको थियो। गत अक्टोबरदेखि सेनाले उत्तरी गाजाका जबालिया, बेत लाहिया र बेत हानुनका क्षेत्रहरूमा व्यापक आक्रमण गरेको छ। यसलाई सेनाले हमास लडाकुलाई पुनः समूहबद्ध हुनबाट रोक्नका लागि गरेको अपरेसनका रूपमा वर्णन गरेको छ।

# इजरायलद्वारा युएनआरडब्लुए प्रतिबन्धित कानून पारित

एएनआई

तेलअभिव। इजरायली संसद्ले प्यालेस्टिनीलाई सहयोग गर्ने राष्ट्रसङ्घीय राहत र कार्य एजेन्सी (युएनआरडब्लुए) लाई इजरायलभित्र काम गर्न निषेध गर्ने कानून पारित गरेको सिएनएनले जनाएको छ।

संसद्मा सोमबार यो विधेयकमा मतदान गरिएको थियो, विधेयकको पक्षमा ९२ र विपक्षमा १० मत परेको थियो। सिएनएनका अनुसार यो कानूनले औपचारिक रूपमा युएनआरडब्लुएलाई गाजा र प्यालेस्टिनीनियन्त्रितपश्चिमकिनारका केही भागमा काम नरोके पनि उक्त क्षेत्रमा एजेन्सीको क्षमतालाई सीमित गर्दछ। गत वर्ष अक्टोबरमा हमासले गरेको आक्रमणपछि सहयोगका क्रममा युएनआरडब्लुएले इजरायलबाट निरन्तर आलोचनाको सामना गरिरहेको छ।

सोमबार क्यानाडा, अस्ट्रेलिया, फ्रान्स, जर्मनी, जापान, दक्षिण कोरिया र बेलायतका विदेश मन्त्रीहरूले गाजामा बढ्दै गएको मानवीय सङ्कटबारे चिन्ता व्यक्त गर्दै इजरायललाई प्रस्तावित कानून रोक्न आग्रह गर्दै संयुक्त विज्ञप्ति जारी गरेका थिए।


# भारतीय मन्दिरमा पटाका विस्फोटमा १५० भन्दा बढी घाइते

एएफपी

मुम्बई। भारतको एक मन्दिरमा पटाका प्रदर्शनी भयानक विस्फोटमा परिणत भएपछि करिब एक सय जना अस्पताल भर्ना भएका र आठ जनाको अवस्था गम्भीर रहेको प्रहरीले मङ्गलबार बताएको छ।

प्रहरीले घटनामा दुई जनालाई नियन्त्रणमा लिएको छ।

भारतीय पत्रपत्रिकाहरूले पोस्ट गरेका भिडियोहरूमा देखाएअनुसार सोमबार साँझ दक्षिणी राज्य केरलाको नीलेश्वरमस्थित एउटा



हिन्दू मन्दिर वरिपरि सयौं मानिसहरू आतसबाजी हेर्न भेला भएका थिए।भिडियोमा त्यसपछि एउटा भवन भित्रबाट चर्को आवाज सुनिन्छ र एक शक्तिशाली आगोको गोला आकाशमा माथि उठ्छ।

"करिब आठ जनाको अवस्था गम्भीर छ र करिब एक सय ५४ जना घाइते भएको रिपोर्ट छ, तीमध्ये ९७ जना अस्पतालमा भर्ना छन्", स्थानीय प्रहरी प्रमुख शिल्पा द्यवैयाले भन्नुभयो, "उनीहरूले पटाका भण्डारण गरिएको ठाउँ नजिकै पटाका फुटाए।

" द्यवैयाले फुटेका पटाकाका झिल्काहरू भण्डारण गरिएको पटाकासम्म पुगेको बताउनुभयो।भारतीय सञ्चारमाध्यमहरूलेअधिकारीहरूलाई उद्धृत गर्दै बाक्लो भीडमा रहेका मानिसहरूको अनुहार र हातमा जलन भएको बताएका छन्।

स्थानीय सरकारी अधिकारी के. इन्बासेखरले पटाका प्रदर्शनीका लागि कुनै अनुमति नदिइएको बताउनुभयो। द हिन्दू पत्रिकाले मन्दिरका अध्यक्ष र सचिवलाई हिरासतमा लिइएको जनाएको छ।

भारतमा धार्मिक जमघटहरूमा सुरक्षा कमजोरी र भीड व्यवस्थापनमा कमीका कारण घातक घटनाहरूको दुःखद इतिहास छ।


॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्म मिति वि.सं. २०२१/०१/०१

स्व. रामनाथ नायक

स्वर्गारोहण वि.सं. २०८१/०७/०३

कर्मचारी सेवा केन्द्र सबैलाका आजिवन सदस्य रामनाथ नायकको मिति २०८१/०७/०३ गते असमायिक निधनको खबरले मर्माहत भएका छौं। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं।

**घनश्याम नायक**
अध्यक्ष
कर्मचारी सेवा केन्द्र, सबैला, धनुषा (परिवार)

# टिभिएसका दस लाख जित्ने भाग्यशाली ग्राहक बने साह




**टुडे समाचारदाता**

जनकपुरधाम । एकजना टिभिएसका भाग्यशाली ग्राहकले मोटरसाइकल किन्दा यस वर्ष १० लाख रुपैयाँ जितेका छन् । लक्ष्मिनिया गाउँपालिका सपहीका उत्तिमलाल साहले टिभिएसको स्ट्राइकर मोटर साइकल किन्दा उनले १० लाख रुपैयाँ जितेका हुन् ।

उत्तिमले मोटरसाइकल किन्नु अघि पर्चेज बोनस स्वरुप ५ हजार रुपैया समेत प्राप्त गरेका थिए । मंगलबार एक समारोहका बिच उत्तिमलाई आर्यन अटो मोबाइल्सका संचालक रामबालक महतोले १० लाख पुरस्कार स्कीम समाप्त भएपछि हस्तान्तरण गर्नेछन् ।

कम्पनीले प्रत्येक वर्ष दशैँको अवसर पारेर यो दशैँ उपहार मेलाको आयोजना गर्दै आईरहेको छ । यस बर्ष कार्तिक ८ गतेदेखि कार्तिक १४गतेसम्म यो मेलाको आयोजना गरिएको आर्यन अटो मोबाइल्सका संचालक महतोले जानकारी दिए ।

# एनसेल फाउन्डेसनद्वारा बाढी पीडित बालबालिकालाई शैक्षिक सामाग्री र राहत वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेल फाउन्डेसनले बाढीका कारण डुबानमा परि प्रभावित भएका बागमति नदी, बल्खु क्षेत्र आसपासका ५०० जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरेको छ । व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत विपद् प्रतिकार्य योजना अनुरुप कर्मयोग फाउन्डेसनसँगको सहकार्यमा यो सहयोग प्रदान गरेको हो ।

गत असोज ११ र १२ गते परेको अविरल वर्षाले निम्त्याएको बाढीले गर्दा नदी किनारको बल्खु क्षेत्र डुबानमा परेको थियो । यसले गर्दा सो क्षेत्रकाविद्यार्थीहरुले आफ्नो किताब, कापी लगायत आफ्ना शैक्षिक सामाग्रहरु गुमाएका थिए ।

सीएसआर अन्तर्गत विपद् तयारी तथा प्रतिकार्यलाई एनसेलले प्राथमिकतामा राख्दै आएको छ । यसै अनुरुप एनसेल फाउन्डेसनले बाढी पहिरोले असर गरेको काभ्रेको पनौती, रोशी र सर्लाहीको चक्रघट्टाका पीडित परिवारहरुलाई राहत वितरण गरेको छ ।

फाउन्डेसनले रोशीगाउँपालिकाका वडा ७, ८ र ११ का २१५ परिवारलाई राहतवितरण गरेको छ । यसैगरी पनौतीनगरपालिकाकाप्रभावित वडा ७ र ८ का ७० परिवारले राहत सहयोग प्राप्त गरेका छन् । बाढी प्रभावित चक्रघट्टा गाउँपालिका वडा ४ का ५० परिवारलाई पनि फाउन्ड्सनले हालै मात्र राहतवितरण गरेको छ ।

यसअघि एनसेल फाउन्डेसनले ललितपुरको गोदावरी नगरपालिकाका बाढीपहिरोले धेरैक्षति पुर्‍याएका वडा ४, ७, ८, १० र १३का करिब २०० परिवारलाई आवश्यक राहत सामग्री वितरण गरेको थियो । यसरी फाउन्डेसनले हालसम्म ५३० भन्दा बढि घरपरिवारलाई राहत सामाग्री वितरण गरिसकेको छ ।



"विगतमापनि बाढी, पहिरो, भुईचालो, कोभिड जस्ता विपद्मा प्रतिकार्य स्वरुप हामीले यथासक्य सहयोग र साथदिएका छौं,"एनसेलकी कर्पोरेट कम्यूनिकेसन्स एण्ड सीएसआर हेड, विशाखा लक्ष्मी खड्काले भनिन् ।"यस्तो संकटको समयमा हामीले समुदायलाई साथ दिनु हाम्रो कर्तव्य हो र हामी आफ्नो कर्तव्य पालना गर्न प्रतिबद्ध छौं।"

एनसेल फाउन्डेसनकायीपहलहरुले संकटको समयमा सहानुभूति र एकताको महत्वलाई पुनः पुष्टि गरेको छ । वितरण गरिएकाराहत सामग्रीमाखाद्यान्नका सामाग्री, हाईजिन किट, ब्याल्ङ्केटलगायतका सामानहरु रहेकाथिए ।

फाउन्डेसनले गोदावरीमा कर्मयोग फाउन्डेसनसँगको सहकार्य र अन्य स्थानका हकमा भोलेन्टिर कर्प नेपालको सहकार्यमा एनसेलका कर्मचारीहरू सहित प्रभावित वडाहरुमा पुगेर पीडित परिवारका उपस्थित सदस्यहरुलाई राहत सामग्री वितरण गरेको हो ।

एनसेलले सीएसआर परियोजनाहरु सञ्चालन गर्न आफ्नो १९औं वार्षिकोत्सवको अवसरमा गत महिना एनसेल फाउन्डेसनको घोषणा गरेको हो । कम्पनीले सीएसआर अन्तर्गत स्वास्थ्य, शिक्षा, वातावरण, विपद् तयारी तथा प्रतिकार्य लगायतका क्षेत्रमा सामाजिक कार्यहरु गर्दै आएको छ । कम्पनीले देशभर विभिन्न सामाजिक कार्यहरुमा रु २ अर्ब भन्दा बढि योगदान गरेर प्रत्यक्ष, अप्रत्यक्ष रुपमा १ करोड ३० लाख भन्दाबढिलाई लाभप्रदान गरिसकेको छ ।

# आम्दानीको स्रोत बन्दै सिन्कामारी रोटी

घोराही । घोराही उपमहानगरपालिका-१३ डुम्बरगाउँमा बस्दै आउनुभएकी रानीलाक बुढा हिजोआज सिन्कामारी रोटी बेच्नमा व्यस्त हुनुहुन्छ । उहाँले विगत दुई वर्षदेखि तिहार लक्षित सिन्कामारी रोटी बिक्री गर्दै आउनुभएको छ ।

विशेषगरी तिहारमा खाइने सिन्कामारी रोटी हिजोआज घोराही बजारसँगै नजिकका गाउँमा समेत बिक्री हुने गरेको छ । उहाँ रोटी डोकोमा बोकेर बिक्री गर्दै हिँड्नुहुन्छ । "खाली समय बसेरै खेर फाल्नुभन्दा व्यवसाय पनि भएको छ, अनि समयको सदुपयोग पनि", उहाँले भन्नुभयो, "तिहारलाई लक्षित यो व्यवसायबाट हुने आम्दानीले सन्तुष्ट छु ।" गत वर्षको तिहारमा मात्र तीन दिदीबहिनी मिलेर रु दुई लाख बढीको रोटी बिक्री गरेको बुढाले बताउनुभयो । यो वर्ष अझ धेरै आम्दानी गर्ने उहाँको लक्ष्य छ । केही दिनयता दैनिक रु सातदेखि आठ हजार सम्मको रोटी बिक्री गर्दै आउनुभएको छ ।

हेर्दा आकर्षक, खानलाई स्वादिलो, सजिलो तथा तयारी खाजाका रूपमा प्रयोग गर्न सकिने भएकाले चाडपर्वको समयमा सिन्कामारी रोटीको धेरै खपत हुनेगर्छ । यो रोटी चामलको पिठो पकाएर त्यसलाई मेसिनमा पेलेर बनाउने गरिन्छ । बनाउन झन्झटिलो भए पनि सिन्कामारीको व्यापार राम्रो रहेको उहाँको अनुभव छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर




काठमाण्डु । नेपाल राष्ट्र बैंकले मङ्गलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४५ रुपैयाँ २१ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ८६ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७४ रुपैयाँ २१ र बिक्रीदर एक सय ७४ रुपैयाँ ९९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ६५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ६७ पैसा र बिक्रीदर ८९ रुपैयाँ ०६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ६२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ०५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ५४ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ९९ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर आठ रुपैयाँ ७९ पैसा र बिक्रीदर आठ रुपैयाँ ८३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८३ पैसा र बिक्रीदर १८ रुपैयाँ ९२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर ३ रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७८ पैसा र बिक्रीदर ३० रुपैयाँ ९२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७० पैसा र बिक्रीदर नौ रुपैयाँ ७५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ६६ पैसा र बिक्रीदर १२ रुपैयाँ ७२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १९ रुपैयाँ ५५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ७६ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ७२ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ ०२ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६१ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# माटाको पाला बनाउन व्यस्त कुमाल समुदाय

झापा । बाह्रदशी गाउँपालिका-६ कुमाल बस्तीका स्थानीय तिहार नजिकिँदै गर्दा माटाका पाला (दियो) बनाउन र सुकाउन व्यस्त छन् । यो समुदायका लागि वर्षको सबैभन्दा बढी आम्दानी गर्ने समय तिहार र छठ आसपास हो ।

कुमाल समुदायसँग पुर्ख्यौली रुपमा माटाका भाँडाकुँडा बनाउने सीप हुन्छ । तिहारअघि बिहानदेखि साँझसम्म परिवारका सबै सदस्य यही काममा व्यस्त हुन्छन् । युवाभन्दा वृद्धवृद्धा पाला बनाउने माटो मुछ्ने र चक्रमा आकार दिने काम गर्छन् ।

स्थानीय चम्पादेवी पण्डितले झापामा उत्पादित पाला, धुपौरो र गाग्री कोसी प्रदेशका १४ वटै जिल्लामा पुऱ्याइने बताउनुभयो । "दिनरात मेहनत गरिरहेका छौँ", उहाँले भन्नुभयो, "तराई र पहाडका सबैजसो बजारमा पुऱ्याउँछौँ ।"बाह्रदशीमा कुमाल समुदायका ६० परिवारले यस वर्ष रु एक करोडभन्दा बढी मूल्यको माटाका सामग्री बिक्री गर्ने लक्ष्य लिएका छन् । खेतीपातीले मात्र जीविका नचल्ने भएकाले छोराछोरीको पढाई र अन्य खर्च धान्न माटाका भाडावर्तन बनाउने पुर्ख्यौली पेसालाई निरन्तरता दिइएको चम्पादेवीले बताउनुभयो । यसले पेसा संरक्षण हुनुका साथै पुस्तान्तरण पनि हुँदै जाने उहाँले उल्लेख गर्नुभयो ।

उहाँले पछिल्लो समय आयातीत विद्युतीय सामग्रीका कारण माटाका सामग्रीको असर बजारमा परेको बताउनुभयो । यहाँ हरेक परिवारले दुई लाखका दरले पालालगायत माटाका सामान बनाउने गरेका छन् । कुमाल समुदायले उत्पादन गरेका सामग्री व्यवसायीले घरैबाट खरिद गरेर लैजाने गरेका छन् । अमितकुमार पण्डितले भदौदेखि तिहारलाई लक्षित गरेर पाला, कलश र धुपौराहरु बनाउन थालेको बताउनुभयो । रासस

# सिटिजन्स क्यापिटल लिमिटेडद्वारा लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न



**टुडे समाचारदाता**

काठमाण्डु । यस सिटिजन्स क्यापिटल लिमिटेडको मिति २०८१ सालकार्तिक १२ गते सिन्धुली स्थित सिन्धुली बहुमुखी क्याम्पस तथा सिन्धुली उघोग वाणिज्य संघमा विश्व लगानीकर्ता सप्ताह २०२४ को अवसरमा लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा सिन्धुली बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुको संम्लग्नता रहेको थियो । त्यस्तै सिन्धुली उघोग वाणिज्य संघमा स्थानीय व्यवसायीहरुको संम्लग्नता रहेको थियो ।

नेपाल धितोपत्र बोर्ड बाट लगानीकर्ताहरुसँग प्रत्यक्ष सरोकारका कामहरु गर्न अनुमति प्राप्त भएको सिटिजन्स क्यापिटल लि. सिटिजन्स बैंकको सहायक कम्पनी रहेको र यो कम्पनीमा श्री कर्मचारी संचयकोष तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरुको सह-लगानी रहेको छ । काठमाडौं डिल्लीबजार स्थित बाटुलेघरमा संस्थाको रजिष्ट्रर कार्यालय रहेको छ।

काठमाडौं बाहिरका लगानीकर्ताहरुले पूँजीबजारमा प्रत्यक्ष रुपमा सहभागी भई लगानी गर्न समस्या रहेको हालको परिस्थितिमा संस्थाले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर) को सेवा सिटिजन्स बैंकका देशभरीका सम्पूर्ण शाखा कार्यालयहरुबाट प्रदान गरी इच्छुक लगानीकर्ताहरुलाई संस्थाको विज्ञ तथा अनुभवी व्यवस्थापन समुहबाट सेवा प्रदानगर्दै आएको छ ।

# पाल्पामा सयपत्री फूलको माग उच्च

रामपुर । ढकमक्क फुल्दै गरेको सयपत्री फूलले यतिबेला ग्राहक तथा व्यवसायीको मन तानिरहेको छ । तिहार नजिकिँदै गर्दा व्यवसायीलाई फूलको माग आइरहेको छ । वैदेशिक रोजगारीबाट फर्केर पुष्प व्यवसायमा लागेका पाल्पा रामपुर नगरपालिकाका युवा दिलबहादुर थापा र लालबहादुर थापा बारीभरि फूल देख्दा खुसी हुनुहुन्छ । बारीमा फूलको रेखदेख गर्ने, ग्राहकको विवरण सङ्कलन गर्न उहाँको व्यस्तता बढ्न थालेको छ ।

यस व्यवसायबाट वार्षिक रु दुईदेखि तीन लाखसम्म आम्दानी गर्दै आएको उहाँ बताउनुहुन्छ । करिब चार रोपनी क्षेत्रफलमा फूलखेती गरिहनुभएको छ । तिहार पर्वलाई लक्षित गरी लगाइएको फूलले राम्रो आम्दानी दिएको उहाँ बताउनुहुन्छ । यसपटकको तिहारमा रु दुई लाखदेखि दुई लाख ५० हजारसम्म आम्दानी हुने उहाँको अनुमान छ ।

"तिहारमा सधैँ फूलको अभाव हुने भएपछि व्यावसायिक रूपमा खेती सुरु गरेको हो, सुरुमा फूल व्यवसाय गर्दा छिमेकी, आफन्त यस व्यवसायले बजार लिन्छ भनेर पत्याएका थिएनन्", उहाँले भन्नुभयो, "चुनौतीका बाबजुद पनि व्यवसाय सुरु गरियो, पहिलो वर्षमा नै नसोचेको आम्दानी भएपछि व्यवसायलाई निरन्तर रूपमा अगाडि बढाइएको छ ।"

यहाँ उत्पादन भएको फूल प्रतिकिलो रु पाँच सय खुद्रा, होलसेल रु चार सय, प्रतिमाला रु एक सय ५० खुद्रा, होलसेल रु एक सय २० कायम गरिएको छ । बुटवल, नेपालगञ्ज, तानसेनलगायत विभिन्न बजारबाट फूलमालाको माग धेरै आएको लालबहादुर थापा बताउनुहुन्छ । रामपुरमा फूलमालाको अभाव हुन नदिन स्थानीय ग्राहकलाई नै प्राथमिकतामा राखेर बिक्री गर्दै आएको लालबहादुरले जानकारी दिनुभयो ।



"तिहार सुरु नहुँदैदेखि नै फूलमालाको माग धेरै आएको छ, हामीले बाहिर बजारमा पठाउँदैनौँ, स्थानीय ग्राहक तथा व्यापारीलाई नै बिक्री गर्ने गरेका छौँ, स्थानीय ग्राहकलाई पुर्याउन हामीलाई हम्मेहम्मे पर्ने गरेको छ", उहाँले भन्नुभयो ।

उहाँहरूले बिगत पाँच/छ वर्षदेखि निरन्तर रूपमा व्यवसाय गरिरहनुभएको छ । यहाँ कर्मा ५५५ जातको सयपत्री फूल लगाइएको छ । यस जातबाट उत्पादन राम्रो हुने भएपछि कर्मा ५५५ लाई रोजाइमा पार्नुभएको छ । दिलबहादुर र लालबहादुरले जग्गा भाडामा लिएर फूलखेतीसँगै तरकारी खेती पनि गरिरहनुभएको छ । तरकारीको तुलनामा फूलबाट छोटो समयमा दोब्बर बढी आम्दानी लिन सकिने, मेहनत र लगानी धेरै नपर्ने व्यवसायीको अनुभव छ ।

रामपुर नगरपालिकाले प्लास्टिकजन्य माला बिक्री तथा प्रयोगमा रोक लगाएपछि व्यवसायीलाई हौसला मिलेको छ । यस वर्षको तिहारलाई लक्षित गर्दै नगरपालिकाले अग्रिम सूचना जारी गरी प्लाष्टिकजन्य फूलमाला बिक्री वितरण नगर्न सम्बद्ध व्यवसायीमाझ अनुरोध गरेको छ । नगरपालिकाले प्लाष्टिकजन्य फूलमाला बिक्रीमा प्रतिबन्ध लगाएपछि यस वर्ष सयपत्री फूलमालाको माग रामपुर बजारमा बढेको छ ।

रामपुरका दिलबहादुर र लालबहादुरले थालनी गरेको पुष्प व्यवसाय देखेर पछिल्लो समय घर तथा विद्यालय, विभिन्न सङ्घसंस्थामा फूल लगाउन थालिएको छ । यहाँबाट बिरुवा खरिद गरेर लगाउने कार्य भइरहेको छ । यतिबेला ढकमक्क फुलेको फूलमा रमाउँदै तस्बिर खिच्ने, भिडियो बनाउने, टिकटक बनाउने, अवलोकन गर्न जाने, फूलखेतीबारे जानकारी लिन जानेको चहलपहल छ ।

रामपुर नगरपालिकाले यहाँ थालनी गरिएको व्यवसायमा हौसला प्रदान गर्न सहयोग गर्दै आएको छ । नगरपालिकाको सहयोगमा एकहप्ते पुष्प व्यवसाय तालिम लिएर व्यवसाय थालनी गरिएको व्यवसायीले बताएका छन् । रासस

# सीजी हिरो एक्कासी मालामाल अफर अन्तर्गत पाँचलाख क्यास व्यकका बिजेता बने यादव

**टुडे समाचारदाता**

काठमाण्डु । सिजि एक्कासी मालामाल अफर अन्तरगत एक जना भाग्यशाली विजेताले पाँचलाख पुरस्कार प्राप्त गरेका छन् । सिरहाका रामकिशुन यादवले हिरोको स्पेलण्डर प्लस मोडेल खरिद गर्दा सो पुरस्कार पाउका हुन् । यादवले सिटी ट्रेड कनर्सन लहानबाट उक्त बाईक खरिद गरेका थिए ।




सिजीले दशै तिहार लक्षति गरी एक्कासी मालामाल दशौतिहारको बहार,दुइ चक्के किन्दा चार चक्के उपहारको अफर ल्याएको छ । उक्त अफर अन्तरगत हिरो ब्राण्डको जुनसुकै मोटरसाईकल तथा स्कुटर खरिद गर्दा स्क्रयाछ गरि नगद पाँच लाख सम्म जित्ने मौका साथै बम्पर उपहारमा नेटाभि ईभी कार जित्ने मौका दिएको छ ।

नेपालमा सबैभन्दा बढी विक्री हुने मोटरसाईकल ब्राण्ड मध्येको एक हिरोले नयाँ बेन्चमार्कहरु समेत कायम गर्दै आएको छ । सिजी मोटर्सले हाल नेपालका विभिन्न स्थानहरुमा ६० भन्दा बढी हिरो शोरुमको नेटवर्क संचालन गरिरहेको छ । साथै निकट भविष्यमा थप शोरुपम खोल्ने प्रक्रियामा रहेको कम्पनीले जनाएको छ । त्यसतै कम्पनीले मोटरसाइकल तथा स्कुटर खरिदमा पाचवर्षे वारेन्टीको घोषणाले ग्राहकको थप विश्वास जित्ने दावी गरिएको छ ।

# अदालत भित्र थुनछेक बहस चलिरहँदा बाहिर पीडीतहरुद्धारा धर्ना, धरौटीमा रिहा

**मनोज माझी**

राजविराज । मिटरब्याजी रामदेव साह र उनका परिवारबाट पीडित भएकाहरुले मंगलवार दिनभर सप्तरी जिल्ला अदालतको मुलगेट अगाडी धर्ना दिएका छन् ।

राजविराजमा मंगलबार मिटरब्याजी पीडितहरुले बजारमा प्रर्दशन पश्चात अदालत पुगेर मुलगेट अगाडि पाल टाँगेर धर्नामा वसेका छन् । उनीहरुले सम्पति शुद्धिकरण (मनि लाउण्डरिङ) मुद्दामा पक्राउ परेका रामदेव साहका श्रीमती शिव कुमारी र छोरा नन्दकिशोर माथी कानून बमोजिम कडा कारवाही हुनु पर्ने माग गरेका छन् ।



साह परिवार माथी यस अघि ठगी तथा आपराधिक विश्वासघात मुदा समेत चलिरहेको थियो । पक्राउ परेका आमा छोराको बयान सकिएपछि भित्र थुनछेक बहस चलिरहँदा बाहिर पीडीतहरुले धर्ना र प्रर्दशन समेत गरेका थिए। उनीहरुले आफुहरुलाई चर्को ब्याज लिएर घरवारविहीन बनाउने सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरका साहुकार मिटरब्याजी रामदेव साह र उनका परिवारलाई कारबाही न गरिए अदालत कै अगाडी आत्महत्या गर्ने चेतावनी समेत दिएका छन् ।

पीडीतहरुले साह परिवार संग लिएको ऋण चर्को ब्याज सहित चुक्ता गरिसके पनि बन्धकी स्वरुप राखेको जग्गा फिर्ता नगरेको गुनासो गरेका छन् ।

मिटरब्याजी रामदेव साह सहित सात जना विरुद्ध अदालतले सम्पत्ती शुद्धिकरण सम्बन्धि मुद्दामा असोज २ गते पक्राउ पुर्जी समेत जारी गरी सकेको छ। रामदेव साह सहित उनकी श्रीमती शिव कुमारी, छोराहरु नन्दकिशोर, विपीन, छोरी पुष्पा, नाती चन्दन र कैलाशविरुद्ध पक्राउ पुर्जी जारी भएको श्रेस्तेदार कृष्ण प्रसाद अधिकारीले जानकारी दिए।

सोमध्ये ५ जना अझै फरार रहेको र खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ। साह परिवारले ठगी तथा आपराधिक विश्वासघात गरेको भन्दै सप्तरीका १७ जना पीडितहरुले प्रहरीमा उजुरी दिएका थिए।

यता थुनछेक बहस सकिएपछि न्यायाधिश उदविर नेपालकीको इजलाशले दुबैजनालाई जनही ५ लाख २२ हजार ५ सय धरौटीमा छाड्ने आदेश जारी भएको उदालत स्रोतले जनाएको छ।

# धनतेरसमा भाँडावर्तनदेखि सुनचाँदीको पसलसम्म भीड

धार्मिक विश्वासका अनुसार धनतेरसका दिन बहुमूल्य धातु किनेर पूजाआजा गरेमा धन सम्पतिमा वृद्धिसँगै जोगिने विश्वास गरिन्छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । धनतेरसको दिन जनकपुरधामको बजारमा निकै चहलपहल बढेको छ । भाँडावर्तनको पसलदेखि सुनचाँदीको पसलसम्म भीड लागेको छ।



धनतेरसको पहिलो दिन नयाँ सामान किनेर लक्ष्मी पूजाका दिन पूजा गर्ने प्रचलन छ। धार्मिक विश्वासका अनुसार धनतेरसका दिन बहुमूल्य धातु किनेर पूजाआजा गरेमा धन सम्पत्तिमा वृद्धिसंगै जोगिने विश्वास गरिन्छ। सर्वसाधारण उपभोक्ताहरूले सुनचाँदीको सट्टा तामाबाट बनेका आरती थाली, कलश, दियो, करुवा, पानससमेत किन्ने गरेका छन् ।

यसका अतिरिक्त नुन, कुचो, धनीया, वेसारलगायतका सरसामान किनमेल गरी घर भित्र् याउने परम्परा छ। यसै दिन कतिपयले धनकी देवी लक्ष्मी पुजा हुने तिहारका लागी लक्ष्मी गणेशको तस्बिरले पूजा घरसमे सिंगारेर झिलिमिली वत्ति, माटोको दियो, भाइटिकाको मसला लगायतका सरसमान समेत किनेका छन् ।

धनतेरस तिहारका सरसामानले भरिभराउ गरिएका पसलहरुमा सुरु भएको ग्राहकहरुको भीड राती ११ बजेसम्म रहने व्यापारीहरु बताउँछन् । धनतेरसका दिन पूजापाठ गरिसके पछि साइत हेरेर समयानुकुल नयाँ सामान किनमेल गरी हिन्दु परम्परा रहेको पण्डित रुपकान्त मिश्रको भनाइ छ।

### किन मनाइन्छ धनतेरस

प्रत्येक वर्ष यमपञ्चकको पहिलो दिन धनतेरस पर्व मनाइन्छ। यो दिनमा सुनचाँदीका गरगहना र भाँडाकुँडा किन्नु राम्रो मानिन्छ । धनतेरसका दिन किनेको हरेक सम्पत्तिको मूल्य १३ गुणाले बढ्छ भन्ने मान्यता छ। विशेष गरी पौराणिक कालमा सुनलाई सबैभन्दा मूल्यवान् धातु मानिथ्यो । त्यसैले यो दिन सुन किन्दा राम्रो हुने मान्यता स्थापित भएको पाइन्छ।

यसलाई धनतेरस भन्नुको पछाडि दुईवटा मान्यता रहेको छ । भगवान् विष्णुले वामन अवतार लिएर बली राजाले देवताहरुसँग युद्ध गरेर जितेको जमिन फिर्ता गराएको वामन पुराणमा उल्लेख भएको पाइन्छ।

बली राजाले आफूलाई त्रिलोककै शक्तिशाली र दानवीर राजा मान्थे। बली राजाको घमण्ड चुर गर्न विष्णुले वामन अवतार लिए र बली राजासँग तीन पाइला जमिन मागे। शुक्राचार्यले त्यो अवतार विष्णुको हो भन्ने समेत पहिचान गरे। त्यसैले उनले वामनले मागेको कुरा अस्वीकार गर्न बली राजालाई भनेका थिए।

तर बली राजाले ले शुक्राचार्यको कुरा मानेनन् र वामनले जे मागे पनि दिने सङ्कल्प गरे । यसलाई रोक्न शुक्राचार्य बलीको कमण्डलुमा सूक्ष्म रूप धारण गरेर बसेका थिए । वामनले कर्मपात्रोमा कुशलाई यसरी राखे कि शुक्राचार्यको आँखा नै फुट्यो । त्यसपछि छट्पटाएर उनी कर्मपात्रोबाट बाहिर आएका थिए।

त्यसपछि वामनले बली राजासँग तीन पाइला जमिन मागे । तीन पाइलामा उनले तीनै लोक ओगटिदिए, सबै जमिन र सम्पत्ति आफ्नो बनाए र देवताको लुटिएको धन फिर्ता गरिदिए । यो क्रममा देवताहरूले यसअघि लुटिएकोभन्दा १३ गुणा बढी धन फिर्ता पाएको भन्ने मान्यता छ। सोही कारण आजको दिनमा कुनै सामान किन्नेले राम्रो प्रतिफल पाउँछ भन्ने जनविश्वास रहँदै आएको छ।

अर्को, मान्यता अनुसार समुन्द्र मन्थनको समयमा भगवान् धनवन्तरीले हातमा अमृत कलश लिएर प्रकट भएका थिए । धनवन्तरीलाई पनि विष्णुको अवतार मानिन्छ। संसारमा चिकित्सा विज्ञानलाई विस्तार तथा प्रचारप्रसारका लागि आजकै दिन विष्णुले धनवन्तरीको अवतार लिएको मान्यता छ । यसैले आजको दिनलाई धनतेरस भनिन्छ।

# एनआरएनलाई वंशजको नागरिकता दिन लागेको भन्दै प्रश्न



**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको राष्ट्रवाद एकपछि अर्को घटनाले नंग्याएको बताएका छन्। समाजमा आफूलाई राष्ट्रवादी देखाउने तर व्यवहारमा ओली राष्ट्रघाती रहेको साहले आरोप लगाएका छन् ।

उनले उदाहरणको दिँदै गैरआवासीय नेपाली नागरिकको माग र त्यसलाई दिएको महत्त्व रहेको भने। अध्यक्ष साहले भने, 'केपी ओली गैरआवासीय नेपाली नागरिकलाई वंशजको नागरिक दिनुपर्ने मागमा सकारात्मक देखिन्छन्' साहले मंगलबार आयोजित एक कार्यक्रममा भने, "जो यो देशको नागरिक त्यागेर विदेशी भयो त्यसलाई नेपालको वंशजको नागरिकता दिनुपर्ने ? नेपालको पैतृक सम्पतिलाई चोर बाटोबाट विदेश पुर्‍याउनेहरुलाई देश विकासका संवाहक देख्ने प्रधानमन्त्री कसरी राष्ट्रवादी ?"

गत आइतबार गैरआवासीय नेपाली संघ (एनआरएनए) ग्लोबल कन्क्लेभ तथा वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विकासका लागि गैरआवासीय नेपालीको भूमिका रहेको बताए।

प्रधानमन्त्री ओलीले गैरआवासीय नेपालीलाई नागरिकता नै दिए पनि त्यसको उपयोग हुन नसकेको बताएका थिए। प्रधानमन्त्री ओलीले भनेका थिए, उनले अघि थप्दैं भने, 'संविधानमै भएको व्यवस्था कार्यान्वयन गर्न आवश्यक संशोधन आगामी अधिवेशनमा संसदमा लैजान सक्छौं।'


## साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दा:

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरु ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरु मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरु हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरु नराखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सुरक्षित यात्राका लागि अपनाउनु पर्ने सावधानीहरु

१. सुरक्षित ठाउँ(जस्तैः बस स्टप) मा मात्र बस, ट्याक्सी तथा टेम्पो चढ्ने वा ओर्लिने गरौं।
२. सवारी पूर्णतया रोकिएपछि मात्र चढ्ने र ओर्लने गरौं।
३. सवारीको ढोका होशियारी साथ खोलौं, नत्र अरुलाई चोट लाग्न सक्छ।
४. सवारी चढ्दा वा ओर्लिदा अरुलाई नधेकेलौं।
५. चालकको ध्यान नखलबल्याऔं वा उसको नजिक भिडभाड नगरौं।
६. शरिरको कुनै पनि अंग सवारीबाट बाहिर ननिकालौं। तपाईलाई अरु सवारीले गंभीर घाइते बनाउन सक्छ।
७. चालकलाई बढी गतिमा सवारी दौडाउन वा खतरनाक तरिकाले चलाउन नउक्साऔं।
८. सवारीबाट थुकि वा फोहर फाली असभ्य नबनौं।
९. सामान बोक्ने सवारीहरुको पछाडिको भागमा यात्रा नगरौं।
१०. पूरा भरिइसकेको सवारीमा नचढौं।
११. छतमा बसेर यात्रा नगरौं, किनभने भित्र भन्दा बाहिर बढी खतरा हुन्छ।
१२. चालकलाई सुरक्षित र निष्ठापूर्वक चलाउन हौसला दिउँ।
१३. चालकले रक्सी खाएको वा खलासी÷कण्डक्टरले गाडी चलाएको देखेमा त्यसो नगर्न अनुरोध गरौं।
१४. यदि तपाईको अनुरोध नमानेमा नजिकैको प्रहरीलाई खबर गरौं।

नोटः– नेपालीहरुको महान पर्व शुभ दीपावली तथा छठ पूजाको शुभ अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

यातायात व्यवस्था कार्यालय जनकपुरधाम,धनुषा परिवार।





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८